# इन्द्रेणी

किन आजकल इन्द्रेणीहरू
दुर्लभ हुँदैछन्
पातालिदै छन्
कहाँ हराए ती रँग रानीहरू?
रोमान्सका प्रतिबिम्बहरू?
किन ?
यो धर्तीको आकाशमा
बादलहरूमडारिन्छन् मात्र
बर्षिदैन पानी किन?
किन ? झुण्डिदैनन् जलकणरू
खाली खाली सून्यतामा,सन्नाटामा हर झरी पश्चातको स्तब्धतामा

किन प्रक्षेपण गर्दैन सूर्यले ?
प्रत्येक बर्षा पछिको पूर्बी आकाशमा
प्रकाशका फोटोनहरू
किन चियाउदैन सूर्यले ?
आफ्नै पराक्रम आफ्नै पौरष
आवर्तन र परावर्तनहरूलाई
किन कोर्दैन सूर्यले ?
सप्तरंगी इन्द्रेणीको चित्र
पूर्बी आकाशको क्यानभाषमा
किन उतार्दैन सूर्यले ?
इन्द्रेणीको बृतचित्र
सिङ्गो डकुमेन्टरी, पूर्बी आकाशको खाली पर्दामा ।।

# सपना

किन ? सन्निपातमा पर्छन् सपना
किन ? पक्षाघात भै मर्छन् सपना
मरै सपनामा तुषारापात किन ?
मेरै सपनामा कुठाराघात किन ?
पारिवारिक एकत्वको
आपसी ममत्वको
पारस्परिक अपनत्वको
सौहाद्रता र समन्वयको
सद्‌भाव र सहकार्यको
मेरा मीठा सपनाहरू
मेरा सुनौला सपनाहरू
लथालिङ्ग हुन्छन् किन?
आँधि पछिको वस्ती जस्तै
भताभुङ्ग हुन्छन् किन ?
दङ्गा पछिको सडक जस्तै
एकता शान्ती अनि समृद्धिको
विकास अनि उन्नतिको
मेरै घरको प्रगतिको
मेरा सुन्दर सपनाहरू
चुँडिन्छन् किन फेरि फेरि
असहमति मै टुङ्गिन्छन्
उदाशिनतामै झुण्डिन्छन् पुनः पुनः ।।

# अति सुन्दरी कमलपोखरी

वनहाँस खेल्ने तालचरी गाउने
सिरसिरे बतास मनै रमाउने
देखेर तिमीलाई मन हुन्छ खाली
तिमी जस्तै सङ्लो र कञ्चन पानी
अति सुन्दरी तिमी कमल पोखरी

बाउन्न पोखरी त्रिपन्न टाकुरी
नाच्दै झरेकी स्वर्गकी परी
मिलेको कद चिटिक्क वस्ती
साँच्चै भनौं भने अमरापूरी जस्ती
अति सुन्दरी तिमी कमल पोखरी

हरित घुम्टो फूलबुट्टे मलमल
साङ्ले पंक्तिमा ढकमक्क कमल
आकाशको रंग समेटि बसेकी
रुकुमकोटैमा पलेँटी कसेकी
अति सुन्दरी तिमी कमल पोखरी

सुन्दर फूल कमलमा हाँस्ने
अन्तर मनैमा मोहनी गाँस्ने
आनन्दको बहार फुटाउने
आमोद प्रमोद हरदम जुटाउने
अति सुन्दरी तिमी कमल पोखरी

मनोहर छटा त्यो रूप कमाल
तिमी प्रकृतिकी कृति उत्ताल
नाचौं नाचौं गाऊं गाऊं लाग्ने
हर्ष उल्लास मनभित्र जाग्ने
अति सुन्दरी तिमी कमल पोखरी

वराह मन्दिर छेवैमा दंग
तिम्रै जीवनको अभिन्न अंग
लुकेको रहस्य पटार भित्र
कुटुम्बुरीको चर्चा विचित्र
अति सुन्दरी तिमी कमल पोखरी

# मेरो प्यारो सेरीगाउँ

जन्मले रोजेको त्यो सुन्दर गाउँ
मनले खोजेको त्यो प्रिय ठाउँ
छाडी कहाँ स्वर्ग खोज्न जाउँ
मेरो प्यारो माइती सेरीगाउँ

बालापन जहाँ खुलेको थियो
आनन्द भरपूर फूलेको थियो

जसले दियो अमूल्य जीवन
जहाँ फूल्यो मेरो ढकमक्क यौवन
आलै छ आँखामा जसको छायाँ

हृदयभरी छ अपार माया
कहाँ पाउँ म हेरि अघाउँ
अतीव प्यारो माइती सेरीगाँउ

छर्छर छर्छर सिन्दुरे खोला
कलकल पाना खाला बग्दै होला
डाँडाखेत देखि सेराखेत सम्म
झूलेका बालीनाली लटरम्म
अँगालो मारौं या सुम्सुम्याऊँ
कसरी मनको प्यास बुझाउँ
कि त उडेर एकटक हेरिआउँ
मेरो प्यारो माइती सेरीगाऊँ

# बिन्दु

अनाप छ भन्दैमा
सानो भन्न कहाँ मिल्छर ?
अ-आयतन छ भन्दैमा
छैन, हैन भन्न कहाँ मिल्छर ?
उ त अमानहरूको
सिङ्गो मान पो हो त,
अलौकिकताको बिम्ब
श्रृष्टिको बीज
अक्षरको मूल
तरङ्गहरूको उद्गम
अरुपहरूको सिङ्गो रूप
आध्यात्मिक रहस्य
अस्तित्वको गूढ
अभावको भाव
बिचारको आत्मा
उ त अखिल ब्रहमाण्डको सुत्रधार
भौतिकता र अभौतिकताको सङ्गम
वोसोनको गड पार्टिकल
आइन्सटाइनको सापेक्षित क्वान्टा
पार्थिवताको उद्भव
जीव निर्जीवको न्यूक्लियर्स
सघन उर्जा, सौर्य उर्जा
ब्रहमाण्डको कोर
ऊ त अनन्त संभावना हो
डट् डट् डट् खाली
फूलस्टप (पूर्णविराम)
ज्यामितीको केन्द्रबिन्दु
निर्मय-प्रमेय
गणितिय दशमलव

## ऋजुकोण

उसलाई सानो भन्न
कहाँ मिल्छर ?
उ नै परम पद हुन सक्छ,
उ नै परम सत्य हुन सक्छ ।।

## हिउँचुली

प्रिय हिउँचुली
छ□ौ,
रापले पग्लिदैछ□ौ,
या तापले गल्दैछ□ौ ?
जे होस तिमी खुइलिदैछ□ौ,
ना□ीदै छ□ौ र बा□ीदैछ□ौ ।
टोपी मात्र लगाएको
लोग्ने मानिस जस्तो
मजेत्रो मात्र ओडेकी
स्वास्नी मानिस जस्तो
कालान्तरमा
समयको सन्निकतामा
हिउँ बिनाकि चुली
तिमी साच्चि
कस्ती देखिनेछ□ौ
हिउँ बिनाकी आलय तिमी
कस्ती अभिनेछ्यौ ?
असुन्दर कालो ठुटो
कुरूप कालो पहाड
काला दादर, काला पत्थर
कालो श्रृंखला
सत्य त्यहि हो
तिमी काला पहाड नै हौ,
कुनै युगको पर्यावरणले
ओढाईदिएको स्वेत वस्त्र

अर्को युगको पर्यावरणले
उघार्दै उघार्दै छ शनै शनै :
तिम्रो वास्तविकता
तिमी नाङ्गो पहाड हौ
तिम्रो सत्यता त्यहि हो
तिमीलाई बोध रहेछ शायद
त्यसैले अटलछौ ।
न सुन्दरतामा मात्तियौ
न कुरूपतामा आत्तिने छौ
फेरि पनि अर्को सत्य
तिमी भित्र लुकेको छ
अर्को यथार्थ
तिमी भित्रै छिपेको छ
तिमी न सेतो हिमाल,
न कालो पहाड नै हौ
एउटा युगको पर्यावरणले
उठाईदिएको
उभ्याईदिएको
जड आकृति
अर्को युगको पर्यावरणले
ढलाईदिनेछ शनै : शनै :
तिमी पृथ्वीले ओकलेको
खनिजको थुप्रो
पदार्थहरूको रास
तत्वहरूको योग
तिमी सूक्ष्म अणु भित्र
झण्डै परमाणु जत्रै
हुँदा हुँदा न्यूक्लियस जत्रै
अझ क्वान्टा जत्रै
प्रकाशको फोटोन जस्तै
सत्य त्यहि हो
तिमी फोटोन पनि रहिनौ अब
तिमी त उर्जा हौ
फगत उर्जाशिल उर्जा ।।।

# बीन, फणा र सपेरा

अनन्त बाशुकी पद्महरू
कुलीर कर्कट शेषहरू
फणावाल मणिराजहरू
नाग नगरीका शिर्षस्थ
होनहार
फणावाल महान नागनेताहरू
सार्वभौम नागदेशका
सत्ताधारी नागदेवहरू
जब पल्लो पट्टि
सीमा भन्दा पारी पट्टि
बिन सङ्गित बज्ने गर्छ
जब सपेरा बिन फुक्छ
जब बिन धुन बज्दै गर्छ
वारी पट्टि
कुण्डलिनीबाट ठाडो उठ्दै
फणा फिजाउँदै फणा उठाउँदै
निरीहता नाच्ने गर्छन्
विवसता नाच्ने गर्छन्
निर्वस्त्र नाच्ने गर्छन्
निशस्त्र नाच्ने गर्छन्
फणावाल नागराजहरू
नागदेशका परम हस्तिहरू
बीन एनेक्थेसिया हो,
बीन सम्मोहन हो,
बीन सुर, बीन ताल,
घात वाला सङ्गित
आघातवाला नृत्य
नागपूरीको नियती
नागपूरीको बिडम्बना

नागराजहरू नाचिरहन्छन् नृत्य चलिरहन्छ ।
बीन बजिरहन्छ
फणा नाचिरहन्छन
सपेरा बिज बच्छ मौका हेर्दै
हास्छ चौका मार्दै
अपितु
नागदेशका आम नागहरू,बारम्बार
लज्जाबोधले रातो हुँदै
अपमानबोधले पीरो हुँदै
बिरोधका स्वरहरू बुलन्द गर्छन्
सपेराबाद मूर्दाबाद !
सपेरागिरि मूर्दाबाद !

# संभावना

ढुङ्गाभित्र मूर्तिको
स्वरभित्र सङ्गितको
बिन्दु भित्र चित्रको
मौनता भित्र आनन्दको
शून्य भित्र ब्रहमाण्डको
संभावनै संभावना
अनन्त सम्भावना
क्वान्टा भित्र जडताको
जडताभित्रजीवत्वको
जीवभित्र चेतनाको
चेतनाभित्र ज्ञानको
ज्ञानभित्र यथार्थताको
संभावना नै संभावना
अनन्त संभावना
प्रशस्त संभावना तिमी भित्र
असंख्य संभावना म भित्र
तिमी भगवान बन्न सक्छौ बुद्ध जस्तै,
म देवता बन्न सक्छु
सूर्य जस्तै, अग्नि जस्तै

# बरु खोतलौँ

हामी भित्रका संभावनाहरू
उत्खनन् गरौंअन्तस्करण
भित्री आँखाले खोजौं
स्वयंलाई खोजौं
मेरो भित्र खोजौं
र म भित्र खोजौं
हाम्रो सोध र खोजभित्र
स्व-वेदभित्र हाम्रै
आत्मज्ञानको संभावना छ,
आत्म ज्ञानभित्र मानवताको,
मानवताभित्र विश्वबन्धुत्वको,
अनि एकताको समुन्नतीको,
समृद्धि र शान्तीको,
महान संभावना छ !
प्रबल संभावना छ !
त्यसैले तिमी असीम संभावना हौ
म असिम संभावना हूँ
हामी बिभू संभावना
विराट संभावना
दीव्यताको संभावना
स्वयं प्रकाशको संभावना
त्यसैले भन भित्र
तिमी भगवान बन्न सक्दैनौ ?
म देवता बन्न नसकुँला ?

# जब त्यो अवसर ल्याउला

न हाँस्न पाउनु न रुन पाउनु
न खुलस्त बोल्न पाउनु
न त सहज जीवन बाँच्न पाउनु
न सजिलै मर्न पाउनु
अब पिंजडाको चरी बनिदैन,
कुरीतिको सजाय पनि भोगिदैन,
अब बिद्रोहको शंखघोष गरिन्छ
स्वतन्त्रताको उद्घोष गरिन्छ
च्यातिन्छन सब भ्रमजालहरु
चुडालिन्छन कुसंस्कारका बन्धनहरु
हामी मान्छे पो हौँ
मान्छे भएर बाँच्न पाउनु पर्छ
निर्धक्क फूल जस्तै
फूल्न पाउनु पर्छ
अमृत भरपुर जीवनको
घुट घुट पिउन पाउनु पर्छ
हामी स्वयं प्रकाशले
मैन जस्तै बल्न पाउनु पर्छ
मुक्ताकाशमा पंछी जस्तै
पंख फिजाई उड्न पाउनु पर्छ
जब
समयले त्यो अवसर ल्याउला
धर्तिले घन घन मादल बजाउला
आकाशले सुमधुर गीत गाउला
तब
छम् छम् छम् हामी नाँचौला ।।

# आमा

मलाई आमा धर्ती जस्तै लाग्छ,
आमा र सागर पनि उस्तै लाग्छ,
कहिले काँहि त आमा आकाश जस्तै लाग्छ,
आकाश भन्दा पनि विराट लाग्छ,
परन्तु, म धर्तिको अटलतालाई
र आकाशको विशालतालाई
अनि आमाको महानतालाई
आमाको महत्तालाई
शब्दमा उन्न सक्दिन,
भावमा ठ्याक्कै उर्तान सक्दिन,
तथापि,
मनको गहिराईमा
भित्र भित्र अन्त:स्करणमा
आत्माको सामीप्यतामा
उठीरहने निर्मल तर□हरूमा
मेरै मुटुको स्पन्दन संगैका
प्रत्येक सूक्ष्म प्रकम्पनहरूमा
महसुस भैरहने
प्रत्येक सम्वेदना भित्र
त्यस्तै त्यस्तै देख्ने गर्छु
त्यसैले मलाई
धर्ती र आमा
आमा र सागर
आकाश र आमा उस्तै उस्तै लाग्छ ।।

# सत्य

माथि माथि धेरै माथि
जहाँ उचाइको सीमा मेटिने छ,
पारी पारी अझै पारी
जहाँ लम्बाईकोसीमा मेटिने छ,
र तलै तल झनै तल
जहाँ गहिराईको सीमा मेटिने छ,
शायद त्यहि मेरो सत्य भेटिने छ ।
सूक्ष्म अति सूक्ष्म
न्यूक्लियसको कोरभित्र
जहाँ सूक्ष्मताको आकार मेटिने छ,
भित्रै भित्र धेरै भित्र
म भन्दा भित्र मेरो भन्दा भित्र
जहाँ सांसारिकता मेटिने छ
शायद त्यहिँ मेरो सत्य भेटिने छ ।।

## शरद सुन्दरी

रुन्चे झरी नयन उघारी
कोमल अश्विनी सुकुमारी
बेली चमेली ज्ञान्ता तिउरी
ढकमक्क योवन शिर फूल सिउरी
मस्की मस्की शरद सुन्दरी
लस्की झर्दा प्रित नगरी
बादल फाट्यो आकाश हाँस्यो
मखमली सयपत्री फूल्नै आँट्यो
निशा जुनेली चन्द्रकान्ता
सन्ध्या हसना शितल शान्ता
अनन्त रमन आकाश गंगा
प्रशान्त अम्वर पवन चंगा
आमोद प्रमोद प्रवेश दंग
उत्सव उल्लास हर्ष उमंग
छर्दै छर्दै शरद सुन्दरी
झर्दै गर्दा प्रित नगरी
बर्षा भाग्यो सुयाम लाग्यो
नुतन आशा सबमा जाग्यो
निलिमा सरीता स्वेता झरना
सुरिला रसिला चिरविर गाना
उषा प्रभा दिवा उज्याला
अन्नपूर्ण मधुरस प्याला
जया विजया भक्ति वन्दना
सद्भाव समादर शुभकामना,
बाँड्दै बाँड्दै शरद सुन्दरी
नाच्दै झर्दा प्रित नगरी
पावन पर्वको मौसम आयो

दिल दुनियाँ सब रंगायो
रंगि चंगि चाचा नाना
साथि संगि रम्ने बहाना
थरकी जुवा तास क्यासिनो
खान्की बान्की मिठो मसिनो
पूजा अर्चना लक्ष्मी औँसी
आशिष बाँड्ने भैलिनी घौसी
झिली मिली आँगन दियो पाला
भगिनी भ्राता टिका माला
हाँस्दै हाँस्दै शरद सुन्दरी
खुत्रुक्क झर्दा प्रित नगरी
टुप्लुक्क दशैं तिहार आयो
सबमा खुशी बहार ल्यायो ।।

# सहज जीवन

सत प्रतिशत हाँस्न आउँछ मलाई
माया बाँढ्नपर्याप्त पुग्छ मलाई
सद्‌भाव साट्न आउँछ मलाई
परोपकार धर्म मानेको छु
सकारात्मक बन्न जानेको छु
सुख दु:ख चिनेको छु
सरल जीवन जिएको छ,

आफ्नै खुट्टाले टेकेको छु
आफ्नै वर्कतले अडेको छु
मेरै पाखुराको भर हो मलाई
मेरै मनको साथ हो मलाई
मलाई अमीरी भोक छैन
म मा खान्दानिया रोग छैन
निर्धक्क सँग सुत्न सक्छु
ढुक्क भै बोल्न सक्छु
आत्म विश्वास लिएको छु
सहज जिवन जीएको छु ।।

भुतका संझनाहरुमा
भुल्नवे-अर्थ लाग्छ मलाई
भविष्यको स्वैत कल्पनामा
भुल्नु बेकार लाग्छ मलाई
त्यसैले वर्तमानमा जम्न सिकेको छु
वर्तमानमै रम्न सिकेको छु
न त रागी भै बाँच्नु छ मलाई
न त वैरागी भै जिउनु छ मलाई
म त प्रेमरस पिउने मान्छे
सरल जीवन जिउने मान्छे
समभावमा फूल्ने मान्छे
यस्तै मान्यता लिएको छु
सरल जीवन जिएको छु ।।

# संपूर्णता (तथाता)

मुटु दुईटा भएपनि
धड्कन हाम्रो एउटै थियो,
मन दुईटा भएपनि
आत्मा हाम्रो एउटै थियो
उनी नीँद म सपना,
ऊनी सागर म लहर,
म चन्द्र ऊनी चाँदनी,
म हिमाल ऊनी हिमानी,
म सुर संगित ऊनी,
म ताल नृत्य ऊनी,
रहस्यमय हाम्रो सामीप्यता
अपरिहार्य हाम्रो सन्निकटता
पिरतीको सागरमा डुल्थ्यौं हामी,
सयलाकासको नीरवतामा
स्निग्ध शान्ति पाउथ्यौं हामी

कसको दोषी आँखा लाग्यो
कसको मनमा कपट जाग्यो ?
कुन भुमरीमा फस्यौं कुन्नि ?
कसको चकब्यूमा पऱ्यौं हामी ?
हामी छिन्न भिन्न भयौं
बिभक्त भयौं बिखण्डित भयौं
दिन रात जस्तै पृथक भयौं,
चुम्बकका दुई ध्रुब बन्यौं
ऊनी पारी म वारी
ऊनी भित्र म बाहिर
फेरी पनि

ऊनी भित्र परिर्वतनहेछ त
म बाहिर तड्पिरहेछु
उन्को प्रतिक्षाको सीमा
र मेरो तड्पनको सीमा
जव असीमसँग एकाकार हुनेछ
हामी प्रेमिल आलिङ्गनमा बाँधिने छौं,
समरसतामा बिलुप्त
सम्भोगमा लीन,
स्खलन आउने छैन
बरु सम्पूर्णता स्वयं घटित हुनेछ
हामी भित्र
तथाताको छुट्टै दुनियामा
निसर्त प्रेमको महासागरमा
महानन्दको शून्याकासमा ।।

# मनको फूलवारी

स्वधर्मको बगैँचामा
अफिम किन फूल्यो
भ्रमजालमा फस्यो मान्छे
सम्मोहनमा भूल्यो

माया फुल्ने फूलबारीमा
मोहै मोह फल्यो
मान्छेआफ्नै रीस रागले
आफैँ भित्र जल्यो

प्रिती जाग्ने मन भित्र
आशक्ति पो जाग्यो
अहंकारकै स्पर्धामा
सारा संसार लाग्यो

मधुर वाणी मिठा वचन
कसै सँग छैन
तनाबले ग्रस्त  मान्छे
कहिल्यै खुशी भर्ने

स्वार्थी भयो माया पनि
दया धर्म छैन
जाल झेल जहाँ तँहि
सत्य कर्म छैन

कहिले फाट्ला कालो बादल
कहिले लाग्ला घाम
कहिलेखुल्ला ज्ञानको आकाश
कहिले हट्ला अज्ञान ।।

# निर्वाण

जब उदाउनेछ म भित्र
देदिब्यमान प्रचण्ड ज्योतिर्बिन्दु
सयौँ सूर्यको प्रभा
हजारौँ सूर्यको प्रकाश
म मौन
द्रष्टावाल एक्लो चेत
अडिग अटल र शान्त
निश्चल निमग्न
म दुई समयको पेण्डुलम
फगत वर्तमान
सुस्ताउँदै सुस्ताउँदै
रोकिएको स्वास
अल्पाउँदै अल्पाउँदै
अडिएको प्रस्वास
भावातीत आकाश
समयातीत शून्यता
विराट चकमन्नता
असीम नीरवता
परम मौनता

सत् चिद् आनन्द
दिव्यरूप स्वरूप
स्वयं प्रकाश, सायुज्य
परीपूर्णता कैवल्य
परमानन्द अनि महानिर्वाण ।।

# चरी

उड उड चरी
आकाशै भरी
मनको धोको सब पुग्ने गरी
आकाशैबाट तलतिर हेरी
आनन्द लेउ मन भरी भरी

उड उड चरी पंख उघारी
कहिले वेगाले कहिले सुस्तरी
बादल पारी बादल वारी
खेल्दै खेल्दै लुकामारी

उड उड चरी आकासकी परी
बादल नचाउने हावा सरी
प्वाँख फिजाई मयूर सरी
घुम्दै आफ्नै वरीपरी

उड उड चरी भुरभुर गरी
भव यो संसार सागर तरी
मनैले दृढ निश्चय गरी
मन्जिल छोऊ जसरी तसरी
पुन: पृथ्वीतलमा झर्दै नझरी
मोहनी फन्दामा पर्दै नपरी

उड उड चरी वतास सरी
आउलान संशय थरी थरी
रोक्न खोज्लान घरी घरी
वाधा व्याधा पर्वाह नगरी
जे जस्तो आउलान हावा हुन्डरी
मेटाउ पृथ्वी आकासको दुरी
भेटाउ आफ्नै स्वप्न पुरी ।।

पारी वनकी न्याउली चरी
सुरीलो सुरमा गति गाँउछे
के गीत गाँउछे कसलाई सुनाउँछे
पारी वनकी न्याउली चरी

गीतमा आफै रोएकी हो कि
मनको वह धोएकी हो कि
आफ्नै कहानी बोलेकी हो कि
अरुकै व्यथा खोलेकी हो कि

## पारी वनकी न्याउली चरी

या चिन्ता गरेकी हो जन्मथलोको
सुरक्षा खाजेकि हो आदिवासको
मुद्दा उठाएकि हो वन विनासको
निन्दा गरेकि हो अतिक्रमणको
पक्कै पनि
विरोधको भाका गाएकि होली
आक्रोसलाई पोखेकि होली
रिक्त आसराको पिडा गाएकि होली
सन्तानको मायाले रोएकि होली
पारी वनकी न्याउली चरी

# बन्दीपुर

गरा गरा ती धराका साच्चै विचित्र लाग्यो
प्राचीनतम धरोहर बन्दीपुर झनै सुन्दर लाग्यो ।

त्यो पुरको शिर धुरबाट आवाकाशमा डुलीरहँदा
आमोद प्रमोदको दौड चल्यो मन अल्हादमा भुलिरँहदा ।

सुन्दर कृति प्रकृतिका साँच्चै अनुपम लाग्यो
बन्दीपुर तिमीलाई शिरबन्दिपुर भन्न मन लाग्यो ।

पारी पारीबाट हिमालहरूले बोलाइरहे झैँ लाग्यो
नतमस्तक भै क्षितिज त्यो टोलाईरहे झैँ लाग्यो ।

रुप यौवन सम्पन्न सौन्दर्य भरपूर जस्तै लाग्यो
भू-तलमा बन्दीपुर त कोहिनुर जस्तै लाग्यो ।

# नीरवता

नीरवता ! ओ नीरवता !
तिमी कहाँ छ्यौ ?
भन प्रिय तिमी कहाँ छ्यौ ?

तिमी नै मेरी मञ्जील हौ
तिमी नै मेरी अभिष्ट हौ
यो मनको आखिरी इच्छा तिमी
जीवनको अन्तिम सहारा तिमी
यो मनको व्यग्रता तिमीलाई पाउन
तिमीमै हराउन तिमीमै बिलाउन
ओ नीरवता तिमी कहाँ छ्यौ ?
मेरी स्पृहा तिमी कहाँ छ्यौ ?
हामी बिचको पर्खाल यो
भन म कसरी ढलाउन सक्छु ?
हामी विचको यो लामो दूरी
भन म कसरी घटाउन सक्छु ?
सानिध्यमै छ्यौ कि धेरै दुर छ्यौ?
धर्तिमै छ्यौ कि अलकापूर छ्यौ?
ओ नीरवता तिमी कहाँ  छ्यौ?
भन प्रियतमा तिमी कहाँ छ्यौ ?

यहाँ तिम्रै यादमा तड्पिरहेछु
तिम्रै अभावमा म भड्किरहेछु
लुकि छिपि लुकि छिपि अझै नझुलाउ
भो अब धेरै मलाई नभुलाउ
विरहमै आशा टुट्नै लाग्यो
सहनशिलताको बाँध फुट्नै आँट्यो
ओ नीरवता तिमी कहाँ छ्यौ?
भन मेरी प्रियसी तिमी कहाँ छ्यौ?

## सम्वाद

दंग पर्दै सन्तबहादुर
आफैं भित्र सम्वाद गर्छ

बाटो बन्यो, मोटर गुड्यो
बत्ती बल्यो, बस्ती बढ्यो
जग्गाको मूल्य सुनै तुल्य
लाखौं लाखको मालिक भैयो
विकास एकदिन खुल्छ भन्थे
साच्चै भन्दा हो त रैछ ।

जुङ्गा मुसार्दै सन्तबहादुर
आफै भित्र दङ्ग पर्छ
कुम उठाउँदै सन्त बहादुर
आफै सँग संवाद गर्छ ।

कोहि भन्दा कम छैन
बैंक ब्यालेन्स नभा हैन
घर घडेरी बेचे देखि
दु:ख भन्ने चिज छैन
समय सधैं एकनास हुन्न
कस्ले सक्छ सन्ते भन्न?
क्षणको क्षणमै अमिर भैयो
पैसा नाथे यस्तै रैछ
गरीबका दिन आउँछन् भन्थे
साँच्चै भन्दा हो त रैछ
तर, आजकल
आकास हेर्दै सन्तवहादुर
अतितलाई याद गर्छ

उदास हुँदै सन्तबहादुर
आफै सँग सम्वाद गर्छ ।

चुरोटको धुवाँ सँगै
आफैंलाई उडाइएछ
ह्विस्कीको बोतलसँगै
आफैंलाइ रित्याइएछ
पुर्खौली थात थलो
बुद्धि संगै भुटिएछ
सन्तानको आश्रय संगै
भूत भविष्य मेटिएछ
रमझममा फसिएछ
सडक बिचमै पुगिएछ
कहाँ गइयो कहाँ आइयो ?
कस्तो मान्छे कस्तो भैयो
पैसा नाथे यस्तै रैछ
शहरले नै सर्वहारा जन्माउँछ भन्थे
साच्चै भन्दा हो त रैछ ।

# त्यस्तै छु म

जस्तो देख्यो त्यहि बोल्ने
बानी अझै गा छैन
बर्ष जति कटे पनि
बुद्धि बंगारा आ छैन

आफ्नै दुनो सोझो गर्ने
स्वर्थी इच्छा जाग्या छैन
साम, दाम, दण्ड भेदले
माथि पुगूँ लाग्या छैन

जता काफल उतै नाच्ने
कुथुर्के रोग सऱ्या छैन
गोप्य रुपमा कसैकोमा
उपहार कोसेली पुऱ्या छैन

छाउली, दौंतरी, सहयात्री
छलाद्ध माऱ्या था छैन
आफू चाहिँ जहाँको तहिँ
टम मस केहि भा छैन

इमान र जमानलाई
कतै स्थान देख्या छैन
बेइमानी र खुरापातीविहीन
शहर गाँउ भेट्या छैन

सोझो औंलाले घिउ झिक्दैन
नबोल्नेको चामल बिक्दैन
चिल्लो घस्न मन मान्दैन
च्याप्लुसी चाकडी गर्न जान्दैन

रुखको टुप्पा चढ्या छैन
भुईंमा पनि झऱ्या छैन
घर न घाटको पर्छु कि क्या हो
केहि गर्नै नपाई मर्छु कि क्या हो

## जीन्दगी

सुमधुर धून जीन्दगीको
बजाउनै सकिएन
सुरीलो सुर जीन्दगीको
गाउनै सकिएन
कविता आफ्नै जीन्दगीको
लेख्नै सकिएन
आनन्द भरपूर जीन्दगीको
देख्नै सकिएन
सारतत्व यो जीन्दगीको
भेट्नै सकिएन
आखिरी प्यास जीन्दगीको
मेट्नै सकिएन ।।

# प्रिय बहिनी

प्रिय बहिनी
तिमी जन्मदाको त्यो क्षण
म संझन्छु त्यो घडि
नवजात शिशु तिमी
अँह अँह रोइरहेको
तिमी किन रोयौ?
थाहा थिएन मलाई
तर तिम्रो आगमनको त्यो समय
पृथ्वी अवतरणको त्यो माहोल
मेरो मनोदशाको विपरीत
खुसीयाली कतै थिएन
कोहि खुसी थिएन
कतै हर्ष उल्लास थिएन
केवल सन्नाटा
धमिलो विस्मय

सपना च्यातिएकी
आसा पुन भाँचिएकी
निरिह जस्तै लाग्थिन आमा
असफलताको पुनरावृतिमा
उपहासको त्रास
अ हासको भय
अनुहारले बोलिरहेकी थिइन
हिजै मात्र घरमा
नैनी भैंसीले पाडी पाँउदा
घर भरी शुभ लाभको बास थियो
लक्ष्मी स्वयं भित्रिएको आभास थियो
तर प्रिय बहिनी
तिमी जन्मँदा त्यस्तो थिएन

अहँ कति खुशी थिएन

मेरो बाल मानसपटलमा
तत्काल एउटा सत्य जागृत भयो
अभिशाप रैछ छोरी जन्मनु
श्राप रैछ छोरी फेरि छोरी जन्मनु

तर समयको चक्रसँगै
बदलिएको परिवेशसँगै
हाम्रो जन्म वरदान बन्यो
मात्र हाम्रा लागि वरदान भयो
यो आधुनिक युग सँगै
यन्त्र, प्रविधि र चेतनाभित्र
हाम्रो जन्म सम्भव छैन
लिङ्गिय विभेदभित्र
छोरीहरूको जन्म स्वीकार छैन
र त
लाखौं लाख छोरीवाला भ्रूणहरु
तुहाइन्छन् , फ्यालिन्छन्
नालीहरूमा, खाल्डोहरूमा
खोल्साहरूमा , खोलाहरूमा
हाम्रो नियती पनी
त्यस्तै त्यस्तै हुन्थ्यो होला
त्यसैले हाम्रो जन्म वरदान रैछ
हामी धन्य रहेछौ
जो बाँच्यौ बाँच्न पायौ
तर,
हाम्रो जन्म दुर्लभ छ
माइली ,साइली ,काइली को जन्म असंभव छ ।

# बसन्त, फूल र बहार

तिम्रो सपनाको फूलबारीमा
तिम्रो विश्वासको बगैँचामा
न त वाचाका गुलावहरू फुल्न सके
न त कबुलका गोदावरी फुले,
न त आस्थाका सुनाखरी फुल्न सके
न त इमानका सयपत्री नै फुले

पृथ्वी घुम्न छोडेको छैन
ऋतु बदलिन भुलेको छैन
तर पनि पालुवा लाग्ने छाँटकाँट छैन
कोपिला आउने सुरसार छैन
बसन्त कतै घेराबन्दीमा छ कि?
शायद मालिहरूकै नाकाबन्दीमा छ कि?

बेहदको पर्खाइ बन्द गर अब
जाऊ सोध किंकर्तव्यबिमुख मालिहरूलाई
अनि मालिहरूका जाली नाइकेहरूलाई
हाम्रोमा फूलहरू किन फुल्दैनन्?
हाम्रोमा बसन्तहरू किन आउँदैनन् ?

अब पनि भरोसा गर्ने कति दिन?
अझै पनि आशा राख्ने कतिञ्जेल?
निलम्बन गरिदेउ मालीहरूलाई
पदच्यूत गरीदेउ निकम्मा जालीहरूलाई
बरु यस्तो माली चयन गर
जस्ले  तिम्रो फुलबारीमा

साँच्चै बहार ल्याउन सकोस्
थुप्रै फूलहरू फुलाउन सकोस्
फुलाओस् भेलेनटाइनका प्रमिल गुलावहरू
लाखौं जोडिहरू रमाउन सकून्
निरन्तर फूलाइरहोस् फूलहरू
श्रद्धास्वरूप चढाउन पुगोस्
हात हातमा थमाउन पुगोस्
शुभभावका अनगिन्ती बुकीहरू
बाँड्न पुगोस् साट्न पुगोस्
आपसी समभावहरू सद्भावहरू
अनि शान्तिको अनुभूती होस्
आनन्दको आभास होस् ।

# समय

समय सतत बगिरहन्छ
तत् तत् तटस्थ म हेरिरहन्छु
मात्र म हेरिरहन्छु
सतत म हेरिरहन्छु
नि:शब्दता, मौनता र शून्यताभित्र
भित्री गहिराईमा कता कता
मिठो शंखनाद सुनिरहन्छु
समयको लयसँगै समयको तालसँगै
सतत म पनि बगिरहन्छु
सतत हेरिरहन्छु सतत बगिरहन्छु
र मीठो धुन सुनिरहन्छु ।
लाग्छ म समय हूँ
म सुन्य हूँ
एउटा लयवद्ध सुर हूँ
र स्वयं समयको साक्षि हुँ ।।

# सिर्जना

तिम्रो उत्कृष्ट कलाकारिताले
तिम्रो आफ्नै सिर्जनाले
अनगिन्ती रहस्यहरूलाई
उदिन्ने सत्प्रयास गरेको छ
कोट्याउने प्रयास गरेको छ
आकाशको अनन्ततालाई
धर्तिको कठोरतालाई र गाम्भीर्यतालाई
आकार दिने जमर्को गरेको छ
रंग दिने प्रयत्न गरेको छ,

तिम्रो अनुपम सिर्जना
रंगै रंगको वेजोड प्रस्तुती
क्यान्भासमा कुचिको करामत
मान्छे भित्रका विकृतिहरू
समाजभित्रका विसंगतिहरू
खुइल्याउने प्रयास गरेको छ
अर्को विचित्रको चित्र भित्र
पृथ्वीका हरेक प्राणिहरूको
स्वाभाविकता र मौलिकतालाई
उनिहरूको नैसर्गिक स्वतन्त्रतालाई
प्रस्ट्याउने जोडदार पहल गरेको छ

न्याय र सत्यको बीजारोपण
पुरानोमाथि नयाँको उदय
नि:सर्त सम्भावनाहरू
प्राकृतिक भौतिकवाद र
भाववादको पारस्परिकता
समकोणहरूको योग
पूर्णकोणको समवाद

समावेश छन् समाहित छन्
तिम्रा सुन्दर सिर्जना हरुमा
त्यसैले ए ! सर्जक
अझै गहिराइदेखि उठाऊ  तिम्रो कुचि
अन्त:स्करणदेखि चलाउ तिम्रो कलम
मान्छे भित्रको अन्धकारलाई
अँध्यारो भित्रको दुर्वोध्यतालाई
मिरमिरे उषाको रंग देऊ
शहरभित्रका गुमनाम चैतन्यहरू
रनभुल्लमा परेका पथिकहरूलाई
अन्यौल र दिग्भ्रमितहरूलाई
थोरै मार्ग निर्देशन
थोरै जागृतिको भाव देऊ
यथार्थताको परिभाषालाई
स-शूक्ष्म आकार देऊ
 र
मान्छे जस्तै आकृतिभित्र
कुण्डलिनी को टुप्पोलाई
उस्कै टुप्पी सम्म उठाइदेउ
अनि
उसकै देदीप्यमा आभामण्डलभित्र
छाती जस्तै मध्य भागमा
पानको रातो पातका
प्रेमील बिम्ब कोरिदेऊ
अनि उसको निधारमा
दुई आँखिभौं को बिचोबीच
एउटा चम्किलो सूर्यको
प्रतिरूप भरिदेऊ ।।

# आमा विरामी छिन्

आमा फेरी विरामी छिन्
ज्वरो छ उठ्नै सक्दिनन्
दम छ खोक्नै सक्दिनन्
न अनुहारमा कान्ति छ
न आत्मामा शान्ति छ,
बडो वेचैन छिन आमा
रुग्ण छिन् रोग बस्यो कि ?
जीर्ण छिन् शोक पस्यो कि ?
त्यसैले कविता
आमाको जाँच गर
आँखा खोल्न भन, जिब्रो तान्न लगाऊ
डिग्री लगाऊ, प्रेशर नाप
स्टेथेस्कोपले सुन आमालाई
अनि लेख कविता
तिम्रो डायरीमा,
हिस्ट्रीमा र प्रिस्केप्पसना,

सुकिला मुकिलाकी आमा
मैला धैलाकी आमा
मस्ती गर्नेकी आमा
सास्ती भोग्नेकी आमा
पारिवारिक विग्रहले पो भत्किइन कि ?
अपहेलनाले पो पिरोलिइन कि?
दुर्व्यवहारमा पो पिल्सिइन् कि ?
पत्थरी बढ्यो कि ?सुगर बढ्यो कि?
अल्सर भयो कि? प्रेसर बढ्यो कि?
हृदयघात हुनसक्छ आमालाई
पक्षाघात हुन सक्छ आमालाई
त्यसैले कविता
आमाको शीघ्र जाँच गर
मुटुको एक्स-रे गर
रगत कल्चर गर्न लगाऊ
डिग्री लगाऊ, प्रेशर नाप

स्टेथेस्कोपले सुन आमालाई
अनि लेख कविता तिम्रो डायरीमा
हिस्ट्रीमा र प्रिस्केप्सनमा

कहिले पानी भन्छिन्
कहिले नानी भन्छिन्
होस वेहोसमै वर्बराउँछिन्
टाउको थिचियो, खु ा कुज्जियो
धुरी फाट्नै लाग्यो, छाना चुहियो
काल्ना भत्किए साँध मिचियो
भन्छिन स्वाभिमान च्यापिन्छ कि ?
अस्मिता च्यातिन्छ कि ?
भाई फुट्छन कि? गवार लुटछन कि?
उनको मनका सन्त्रास छ
हतासा छ आशंका छ
गहिरो चिन्ता छ
त्यसैले कविता
आमाको तुरुन्त जाँच गर
मनको एक्स-रे गर
आँशु कल्चर गर्न लगाउ
डिग्री लगाउ, प्रेशर नाप
स्टेथेस्कोपले सुन आमालाई
अनि लेख कविता तिम्रो डायरीमा
हिस्ट्रीमा र प्रिस्केप्सनमा

आमाका अपेक्षाहरू लेखिदेऊ
भावना र कामनाहरू लेखिदेऊ
आमाका सपनाहरू लेखिदेऊ
ममत्व र वात्सल्य लेखिदेऊ
आमाको महिमा र महत्व लेखिदेऊ
अनि लेखिदेऊ आमाका अधम सन्ततिलाई
अलि ठुलो अक्षरमा लेखिदेऊ कविता
"जननि जन्म भूमिश्च
स्वर्गादपि गरियसी "

# सूक्ष्म दृष्टि

अद्भूत अद्भूत कुराहरूमा
आश्चर्य चकित छौ भने,
अभूतका रहस्यहरू
जान्ने अभिप्सा छ भने
बन्द गरेर आफ्नै आँखा
आफैं भित्र घोत्लिएर हेर

# यो धर्ती

माटो, ढुङ्गा
नदिनाला, डाँडा, पहाड, तराई
महादेशहरू र महासागरहरू
पृथ्वीको सिङ्गो भुगोल
पृथ्वीको सिङ्गो वायुमण्डल

पृथ्वीको अन्तर्यको गूढ
आकाशको विशालता
ब्रह्माण्डको दायरा
आकाशगंगा तारामण्डल
सौर्य मण्डलहरू
विलयोन्मुख उल्काहरू
ग्रह अनि उपग्रहहरू
पुच्छ्रेताराहरू, ग्रेट हन्टर
ग्रेट वियर, सप्तऋषिहरू
असीमित आश्चर्य
सिङ्गो खगोल

अजीवका जीवहरू
अजंगका प्राणिहरू
जीवका आत्माहरू
प्रकृतिका अनुपम प्रत्ययहरू
जलचरहरू, थलचरहरू
उभयचरहरू
वनस्पतिहरू
सिङ्गो जैव विज्ञान
सिङ्गो प्रकृति विज्ञान

प्रितीको संसार
मायाको जंजाल
भ्रमको संजाल
भावको महासागर
मान्छेको जात मान्छेको धर्म
मान्छेका कृत्य मान्छेका कर्म
मान्छेका पीडा मान्छेका मर्म
परिस्थितिहरू, समस्याहरू
दैनिन्दिनको जीवन
दैनिन्दिनको मृत्यु
सिङ्गो जीव विज्ञान
मानव मनोविज्ञान
र
सिङ्गो अध्यात्म विज्ञान
यावतलाई जान्ने जिज्ञासा छ भने
हेर बन्द आँखाले
भित्री आँखाले
आफै भित्र गहिराइमा हेर
सजगतामा हेर
ध्यानले हेर
तटस्थतामा हेर
ध्यानस्त होऊ जीवन सँग अनि जगत सँग
बोधिसत्वको निम्ति पूर्णताको लागि ।।

## प्रकम्पन

तिमी गीत गाऊ या नगाऊ
यहाँ सुमधुर सुर बजिरहन्छ
तिमी नृत्य नाच या ननाच
यहाँ एउटा मधुर संगित घन्किरहन्छ
तिमी जीवन बाँच या नबाँच
यहाँ  निरन्तर श्वास चलिरहन्छ
तिमी आँखा खोल या नखोल
यहाँ अखण्ड दिप ज्योति बलिरहन्छ

तिमी तथ्यलाई जान या नजान
यहाँ लय विलय सधैं चलिरहन्छ
तिमी सत्यलाई मान या नमान
यहाँ संजिवनी भगिरथ बगिरहन्छ
तिमी स्वयं आभास गर या नगर
यहाँ चकमन्न मौनता छाईरहन्छ
तिमी अनुभूत गर या नगर
यहाँ मधुरतम आनन्द आईरहन्छ

एउटा मूल प्रवाह ब्रह्माण्डको
अविरल बगिरहन्छ, वस !वगिरहन्छ
विग व्याङ्को महा विस्फोट पछि
उत्पन्न प्रकम्पनको लामो शिलशिला
सतत चलिरहन्छ चलिरहन्छ
तिमी पत्याऊ या नपत्याऊ
कम्पन र प्रकम्पन तिमी भित्र पनि चलिरहन्छ
तिमी यो विश्वास गर या नगर
तिमी भित्र पनि एउटा अग्नि शिखा
सतत बलिरहन्छ बलिरहन्छ ।।

# हाम्रो घर

उस्कोमा जाँदा नी माग्ने
ऊ आफ्नोमा आउँदा नी माग्ने
माग्नुलाई ठूलो पुरुषार्थ ठान्ने
माग्नुलाई आफ्नो संस्कार ठान्ने

माागेर खाने को धनि भा छ ?
गरीबी हाम्रो माग्ने भाँडो भा छ
मागिरहनुमा गर्व कसरी भयो ?
मागिरहनुमा इज्जत कसरी रह्यो ?

माग्नेको हात सधैं तल पर्छ
मागेर गर्जा कति दिन टर्छ?
दाताको दान विपदमा पो हो
पाहुनासँग माग्ने लाचार त्यो हो ।

माग्ने त माग्ने के के मात्रै माग्ने?
विकास माग्ने निकास माग्ने
संमृद्धि माग्ने एकता माग्ने
सल्लाह माग्ने अस्तित्व माग्ने

मागेर ल्याको को कस्ले खान्छ?
ल्याउदैमा आधा चुहिएर जान्छ
भ्रष्टाचारी को हो किन थाहा छैन?
कारबाहि गर्ने आँट किन छैन?

ए !यी ठुलादाई घरका भए भातमारा
सुद्धि नभाका साह्रै हुतिहारा
स्वावलम्बी बन्ने छाँटकाँट छैन
आत्म निर्भर बन्ने सुरसार छैन ।।

# आफैलाई नचिन्नेले

आफैँलाई चिन्न नसक्नेले
अर्कोलाई चिन्न सक्ला र खै ?
आफैँलाई पर्वाह नगर्नेले
कसैलाई माया गर्ला र खै ?

खानाको लागि बाँचेको ठान्यौ
बाँच्नका लागि खान जानेनौ
तनमाथि मनले राज गऱ्यौ
विष ल्यायौ विकार भऱ्यौ

धर्म अधर्म छुट्याउन सकेनौ
सत्य असत्य खुट्याउन जानेनौ
स्वार्थ मै डुब्यौ अनुरक्तीमा रमायौ
अहंकार र दम्भलाई स्वाभिमान बनायौ

तनाबले ग्रस्त जो जीवन छ आज
अनेकन दीर्घ रोग र शोकको माझ
स्वयं कृत्य कमाई हो यो
स्वयं माथिको रजाईं हो यो

आफैँलाई दुःखमा धकेल्नेले
पर-मर्का कसरी बुझ्ला र खै ?
आफैँलाई न्याय नगर्नेले
पराईलाई न्याय गर्ला र खै ?
यो काया मन्दिर भनी नबुझ्नेले
स्वयं भित्रको देवता पुज्ला र खै ?

# ईश्वर

ईश्वर एक दिन म
तेरो पोल खोलिदिनेछु !
एउटा वृहत सभामार्फत
तेरो वतनको पोल
तेरो हुलियाको पोल
तेरो पहिचानको पोल
तेरो जातको अनि धर्मको पोल
सबै एकदिन म पर्दाफास गरिदिनेछु ।
एउटा बृहत सभा मार्फत

तेरो अलौकिकताको पोल
तेरो रहस्यको पोल
सूक्ष्मताको पोल व्यापकताको पोल
तेरो हुनुको पोल नहुनुको पोल
सबै एकदिन म
भण्डाफोर गरिदिनेछु
एउटा बृहत सभा मार्फत ।

अनि उदाङ्ग पारिदिनेछु
मान्छेले तँ माथि ओढाएको खोलको पोल
मान्छेले तँ माथि तोकेको मोलको पोल
मान्छेले तँलाई गरेको उपयोगको पोल
तेरो नाममा गरिएका प्रयोगको पोल
एक दिन एउटा बृहत सभा मार्फत ।।

# जे पनि हुन सक्छ

हत्केलाले सूर्यलाई छेक्न सक्नेले
दिनलाई रात भन्न के बेर ?
मर्जीमा शक्ति हुनेहरूबाट
फर्जी सत्य बन्न के वेर ?

तिललाई पहाड बनाउनेले
घैंटोलाई घ्याम्पो बनाउन के बेर ?
आफ्नालाई स्वर्ग पुर्‍याउनेहरूले
अर्कालाई नर्क झार्न के बेर ?

यहाँ जे पनि हुन सक्छ
भूतले दिउँसै तर्साउन सक्छ
वर्तमानले दिउँसै चोर्न सक्छ
सिष्टाचारले नै भ्रष्टाचार गर्न सक्छ
सदाचारले नै अत्याचार गर्न सक्छ

त्यसैले
विधिलाई नाघ्नेहरूले विधान लत्याउन के बेर ?
ऐन-नियम मिच्नेहरूले कानुन हत्याउन के बेर ?

# मन लाग्छ

किन किन आजकल मलाई
धेरै समय बोल्न मन लाग्छ
धेरै रहस्यहरु खोल्न मन लाग्छ
आगो जस्तै रातो हुन मन लाग्छ
दियो जस्तै धिप धिप बल्न मन लाग्छ
तर बोल्नु को संग ?
यो कोलाहलपूर्ण अन्धकारमा
को खालि छ र यहाँ
मेरा गन्थन सुन्नलाई
मेरा मन्थन हेर्नलाई
भ्रम नै भ्रमको बादल उड्दा
भ्रमकै पानी पर्छ यहाँ
भ्रमले नै सिच्ने गर्छ
भ्रमले नै भिज्ने गर्छ

खग्रास ग्रहणको बेला हो यो
कस्ले चासो राख्लार रै ?
यो मुर्छाको बेला हो
यो महा निन्द्रा हो
मूर्छा यस्तै हुन्छ
निन्द्रा यस्तै हुन्छ
र भ्रम पनि यस्तै हुन्छ
यसरी नै सुताईन्छन् मान्छेहरू
यसरी नै लठ्याईन्छन् मान्छेहरू
यस्तो किन ?
त्यही कुरा त खोल्न मन हो
त्यही सत्य त बोल्न मन हो
धर्मको नामका नयाँ अवतारहरू
राजनीतिको नामका नयाँ नायकहरू

पर्दा भित्रका नयाँ सामन्तहरू
अभ्यस्त छन् तल्लीन छन्
पर्दा बाहिर शान्ति बाँड्न
सुशासन अमन चैन दिन
त्यसैले आजकल
त्यही पर्दाभित्रको लुट
पर्दाभित्रको झुट
अत्याचार भ्रष्टाचार सबै
कर्तुतहरू खोल्न मन लाग्छ
न धर्म व्यवसाय हो भन्न मन लाग्छ
न राजनीति व्यावसाय हो भन्न मन लाग्छ

अझ अर्को कुरा
मान्छे भै जन्मनुको उद्देश्य
जीवन र जगतको सपाट रहस्य
सविस्तार विवेचना गर्न मन लाग्छ
विज्ञानको उद्विकास
सूक्ष्म देखि स्थूल सम्म
सप्रसंग व्याख्या गर्न मन लाग्छ
सोध, खोज र अनुसन्धानका
पर्याप्त आधारहरू, प्रमाणहरू
प्रस्तुत गर्न मन लाग्छ

# कली युग

यो पाषाण युग हैन
सत्य, त्रेता, द्वापर हैन
यो अत्याधुनिक नव युग हो
यो विशुद्ध कलि युग हो

यो देवताहरूको युग हैन
यो त मान्छेहरूको युग हो
केवल मान्छे हरूको आफ्नो युग
मान्छेले देवता बनाउने युग
गल्ली गल्लीमा चोक चोकमा
देवताहरू बेच्ने युग
वार्गेनिङमा देवताहरू किन्ने युग
कागजका हुन या काठका
सुनका हुन या चाँदिका
तामाका हुन या पित्तलका
फलामका हुन या माटाका
या हुन प्लास्टिकका
सिमेन्टका हुन या स्फटिकका
देवता बनाउने अनि बेच्ने युग
त्यसैले सत्य, त्रेता र द्वापर हैन
यो त विशुद्ध कलियुग हो

मान्छेले मान्छे लाई पुज्ने युग
चाप्लुसी र चाकडी को युग
मान्छेले मान्छेलाई लुट्ने युग
मान्छेले मान्छेलाई भुट्ने युग
नव सम्राटहरूको युग
नव संभ्रान्तहरुको युग
लौकिक देवता हरूको युग
त्यसैले सत्य, त्रेता, द्वापर केहि हैन
विशुद्ध कलि युग पो त ।।

# अनुताप

बेसुरको गीत छि : छि :
बेतालको नाच छि : छि :
कस्तो कर्कस गीत, कानै घोच्ने
कस्तो नौटंकि नृत्य वाक्क लाग्ने
आएर अहिले
त्यस्तो भन्न मिल्ला र ?
नाँच्न जान्नेलाई चुन्नु पर्दैन?
गाउन सक्नेलाई छान्नु पर्दैन ?
अलिकति सुझ बुझ पुऱ्याउनु पर्थ्यो
स्व-विवेक जागृत तुल्याउनु पर्थ्यो
चौपट्टै पारे सबै बिगारे
बर्बाद पारे,खत्तम गरे
आएर अहिले भन्न मिल्ला र ?
कस्को हातमा थियो मताधिकार?
कस्को मुठ्ठीभित्र थियो चुन्ने हक
आफ्नै अधिकारलाई खेलाची सम्झ्यौ
त्यस्तो अवसरलाई खेलवाड ठान्यौ
जस्तो गऱ्यौ त्यस्तै भयो
जस्तोलाई मञ्चमा उभ्यायौ
त्यस्तै त गरीरहेछन्,
आफ्नै मात्र गीत गाउनु
आफ्नै लागि नाच्नु
के अनौठो भयो र ?
अहिले आएर ह्यान् त्यान भन्न मिल्ला र ?
हाम्रो गीत गाइदिएनन् भन्न मिल्ला र ?
खेलवाड गर्ने मेण्डेट दियौ
खेलवाडै त गरीरहेछन्
तिमी माथि खेलवाड

हामी माथि खेलवाड
सन्ततिहरूको भविष्य माथि खेलवाड
अझ सिंगो देश माथिनै खेलवाड
हाम्रोलाई चुन्यौ
राम्रोलाई चुनेनौ
बेइमानीलाई चाह्यौ
इमानलाई छानेनौ
लुट्तन्त्रलाई राज्यौ सुसाशनलाई रोजेनौ
आएर अहिले गन् गन् गर्न मिल्ला र ?
पानी माथिको ओभानु बन्न मिल्ला र ?
फेरी पनि पश्चाताप
फेरी उही अनुताप ।।

# दलिल

हो ऊ रुखमा झुण्डिएकी थिई
घाँटिको पाशोमा टंगिएकी थिई
घटना र प्रकृतिले
उप-हत्याको पुष्टि हुन्छ
तर श्रीमान्
मेरो एउटा दलिल
ऊ एक्लो हत्यारा होइन
ऊ एकल अपराधी पनि होइन
उसलाई बाध्य पारिएको छ
उसलाई विवश बनाइएको छ श्रीमान्

ऊ मानसिक यातनाकी
निरीह शिकार बनीरही
लगातार प्रताडनाहरुले
घोरिएर बसि, घोचिएर बसि
अपमान र तिरस्कारले लखेटिई
रुढिवाद र अन्धविश्वाशको
क्रूर सिकञ्जामा जकडिई

उसको आत्मा माथि
निर्मम प्रहार भइरह्यो
सांघातिक हमला गरियो
उसलाई घाइते तुल्याइयो
मुटु छिया छिया पारियो
धुजा धुजा च्यातिई ऊ
चोइटिई ऊ आफैबाट
चकनाचुर भए उसका रहरहरू
क्षतविक्षत पारिए जीउने आशाहरू
गम्भिर निराशामा फँसि ऊ
उसलाई घोर डिप्रेशनमा धकेलियो

ऊ हठात मरेकि हैन
बलात मारिएकि हो
उसको मौलिक अधिकार हनन भयो
मानवाधिकार कुण्ठित भयो
उसले निःसर्त हाँस्न पाईने
निर्धक्क बोल्न पाईने
टेक्ने जमिन नपाए पछि
समाउने हाँगा नभेटेपछि
ऊ पाशोमा झुण्डिएकि हो
आफ्नै शरीलाई सुक्र्याएकि हो
आफ्नै जीन्दगीको
जबरजस्त बिट मारेकि हो
ऊ अलविदा टंगिएकि हो

त्यसैले श्रीमान् समक्ष
मेरो अनुनय निवेदन
मेरो दलिल
यो अप-हत्यामा
संलग्न उसको आत्माका हत्याराहरूलाई
यस वारदातका
अमूक अभियुक्तहरूलाई
नेपत्थ्यका भिलेनहरूलाई
कानुनी कठघरामा उभ्याइयोस्
सख्त कारबाही होस्श्रीमान्

किन हुन्छन् अपहत्या ?
किन गराइन्छन् आत्महत्या ?
किन झुण्ड्याइन्छन् आफ्नै शरीर
किन खुवाइन्छन् बिष स्वयंलाई

किन खसालिन्छन् छाँगाबाट
किन डुबाइन्छन् पानीभित्र
सूक्ष्म तहकिकात होस् श्रीमान
न्यायिक छानबिन होस्

यो पहिलो घटना होइन
यो पहिलो इतिहास पनि होइन
निरन्तर बगिरहेको यो
महिला हत्या र हिंसाको
निर्वाध प्रवाहको लामो शृंखलामा
उ पनि एक थोपा मिसिएकि हो
यसैमा समाहित भएकि हो
त्यसैले श्रीमान्
यो दुस्प्रवाहमा रोक लगाइयोस्
आजै अन्तरीम आदेश जारी होस् ।।

# पानी

हावा सरी उडिदिन्छु
बनेर बादल गर्जिदिन्छु
बिजुली सरी चम्किदिन्छु
बनेर झरी झरिदिन्छु
कलकल खोला बगिदिन्छु
झरझर झरना झरिदिन्छु
भेल बनेर उर्लिदिन्छु
खहरे भएर कुर्लिदिन्छु ।।
धर्तीलाई सिँचिदिन्छु
ढुंगा पनि पिसिदिन्छु
शीत बनेर टल्किदिन्छु
इन्द्रेणी भई झुल्किदिन्छु ।।।
हिमाल भई अगिलदिन्छु
हिमानी बनेर पगिलदिन्छु
बनेर वरफ जमिदिन्छु
स्थीर जडभूत बनिदिन्छु ।।
नरोकी मेरा जलधारालाई
सागर सम्म पुग्न देऊ
नबाँधि मेरा विचारहरूलाई
निर्विचार सम्म पुग्न देऊ
त्यसैमा लयबद्ध हुनदेऊ
त्यसैमा एकाकार बन्न देऊ ।
निर्विचार देखि विचार सम्म
र विचार देखि निर्विचार सम्म
जिन्दगीको पेरीफेरीमा
एउटा पुर्ण वृत्त बन्न देऊ
परिवर्तन मात्र परिवर्तन ।।

# ए जुन

ए जुन भनिदे न मलाई
मेरी उनी कस्ती छिन्?
मुर्झाएकी फूल जस्ती
या रानुबिनाकी माहुरी जस्ती
तिर्खाएकी पथिक जस्ती
या प्रेमी बिनाकी प्रियसी जस्ती
नींद बिनाकी आँखा जस्ती
या पानी बिनाकी माछा जस्ती
चाँदनी बिनाकी चन्द्र जस्ती
या हिम बिनाकी हिमाल जस्ती
ए जुन भनिदे न मलाई
मेरी ऊनी कस्ती छिन् ?

पश्चिमी आकाश हेर्दै होलिन
चौतारीमा आई कुर्दै होलिन
हातका औंलाहरू गन्दै होलिन
मिठो सपना बुन्दै होलिन
मन भरी माया साँचेकी होलिन
मेरै आशामा बाँचेकी होलिन
ए जुन भनिदे न मलाई
मेरी उनी के गर्दै होलिन ?

मैले पठाएको पैसालाई
प्यारले छातीमा टाँस्छिन् कि नाई ?
मुसु मुसु आफैंमा
आफैसँग हास्छिन कि नाई ?
खुशीले गदगद हुन्छिन् कि हुन्निन् ?
मायाले पुलकित हुन्छिन् कि हुन्निन् ?

शाहुको ऋण तिर्छिन कि तिर्दिनिन् ?
समयमै घर फिर्छिन कि फिर्दिनन् ?
ए जुन भनि दे न मलाई
मेरी उनी कस्ती छिन् ?
कतै म बस्ने उन्को नयनमा
कोहि आएर बस्यो कि ?
म पसेको उन्को मनमा
आएर अर्कै पो पस्यो कि ?
ए जुन नढाटेर भनिदे न मलाई
बुझाइदेन मेरो संशयलाई
घातको बादल मडारिदैछ कि
विश्वासमा सुनामी आउदै पो छ कि ? ।।

# भुईचालो २०७२ को

पापी रैछ भुईचालो यो दया धर्म रैनछ
निष्ठुरी पो रैछ साह्रै मनमा माया रैनछ
लोभी रैछ औधि यो आँखा गाड्ने दानराशीमा
लाछी रैछ यो ज्यादै र्‍याल काढ्ने राहत सामाग्रीमा
पक्षपाती पनि उस्तै विपद व्यवस्थापनमै बिभेद गर्‍यो
जाली रैछ पुननिर्माणमा समेत राजनीति गर्‍यो
भ्रष्टाचारी रैछ यो पनि आर्थिक हिना मिना गर्‍यो
अत्याचारी रैछ यो पनि गर्न ब्रह्मलुट गर्‍यो
राक्षसै पो रै छ यो जस्ता पाता खान सक्ने
सिंगौ टेन्ट चपाउन सक्ने राडी कम्बल निल्न सक्ने
यो भुईचालोको विरुद्धमा रिट कहिले दायर होला ?
ठिंग्याउने गरी कठघरामा म्याद तामेल कहिले होला ?
को होला खै न्यायाधिस त्यो निश्पक्ष छानबिन गर्ने...........?
भ्रष्टाचारीलाई सख्त कारबाहीगर्ने
को होला त्यो महानायक त्यो राजनेता यो देशलाई सुधार्ने ?

# आकाशबेली

□याङ् बुटा र पोथ्राहरू
झ्याप्पै ढाक्ने जेली जेली
भेट्नै गाह्रो नालीबेली
त्यही त हो आकाशबेली

पोथ्राहरूमाथि खेल्ने
पोथ्राहरूलाई नै जेल्ने
बुटाहरूलाई नै पेल्ने
झ्यांगाहरूलाई नै ठेल्ने
यहीँ सञ्जालको नालीबेली
अतिक्रमणकारी आकाशबेली ।

माया गरेको भन्दो हो
तर उसको माया साम्राज्यवाद जस्तो
अंगालो मारेको ठान्दो हो
तर उसको मित्रता विस्तारवाद जस्तो
संरक्षण गरेको कसरी भन्नु
ऊ पुरानो सामन्त जस्तो
उस्लाई आफ्नो कसरी भन्नु
आजकलको दादागीरि जस्तो
झ्याप्पै ढाकेको छ जेलीजेली
आततायीको नालीबेली ,त्यहि त हो आकाशबेली ।

बुट्यानहरू स्वतन्त्रता चाहान्छन्
पराधिनताबाट मुक्ति चाहान्छन्
प्रकृतिप्रदत्त अधिकार चाहान्छन्
आफ्नो छुट्टै पहिचान चाहान्छन्
आफ्नै स्वायत्त आकाश चाहिन्छ बुटाहरूलाई
आफ्नै स्वामित्वको धर्ति चाहिन्छ झ्यांहरूलाई
तर उनीहरूको स्वाभिमान माथि फेरी उस्तै जालीझेली
नव परजीविको नालीबेली त्यहि त आकाशबेली ।।

## परदेशबाट

मैले परदेश खाँदा खादै
परदेशले मलाई खाने भो
घुट घुट आँशु पिउँदा पिउँदै
प्राण परखेरु यतै उड्ने भो आमा
म ठूलो विल्डि□बाट लडेँ
मेरुदण्ड नै भाँचियो
म अहिले अस्पतालको सय्यामा छु
म यो मरुभूमिको आहारा बनेँ
म खाडीको शिकार बनेँ आमा
कुनै पनि बेला निभ्न सक्छु
तेल बिनाको वत्ति जस्तै
कुनै पनि बेला म डुब्न सक्छु
डाँडा माथिको जुन जस्तै,
चोक्टा खान आएकी बुढी
म झोलमा डुबेर मर्दैछु आमा
गिद्धले सिनो लुछे जस्तै
अरबले मलाई लुछिरहेछ
जीवन माथि मृत्यु ओढाई
समयले मलाई लुटिरहेछ
भाग्यले पनि मैलाई पच्छार्‍यो
कर्मले मलाई खाडीमा बजार्‍यो
दैवले पनि न्याय गरेन
हामीलाई कहिले पनि हेरेन
केवल तिमीलाई सम्झिरहेछु आमा
पश्चातापमा जलिरहेछु
एक दिन अवश्य
तिम्रो नामको एउटा पार्शल बोकेर
कतार एयरवेजको जहाज

अवतरण गर्ने छ
त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल
एउटा लामो काठकोबाकस
र बाकसभित्र
चीर निन्द्रामा सुतिरहेको
तिम्रो आफ्नै छोरा
पार्शल बुझेर नरुनु आमा
विदेश धाउन नरोकिए सम्म
पार्शल आउन रोकिदैन आमा
बरु आँशुलाई शक्तिमा बदल
आमाहरूको शक्ति बटुल
उठ जुट र आवाज उठाऊ
भन हाम्रा सन्तान विदेश नपठाऊ
नारा बुलन्द बनाऊ आमा
आफ्ना सन्तान बचाऊ आमा ।।

# भू-गर्भ

पृथ्वीको बोक्रा भन्दा अलि भित्र
गुदिसम्म पुग्न मन छ
कष्टलाई छिचोलेर
मेण्टल सम्म पुग्न मन छ ।।

बेला बेला हल्लाउने
खैला बैला मच्चाउने
प्रलयकारी भुईचालोको
नाली बेली साखा सन्तान
एक एक गरी चिन्न मन छ,
भुइचालोका नौ नाडी
श्वास प्रश्वास छाम्न मन छ ।।

मेण्टल भन्दा अझै भित्र
भित्रै सम्म घुस्न मन छ
इलिमेण्टहरू प्रादुर्भावको
महाकारखाना हेर्न मन छ
मेण्टलको फाईफूर्ति
अन्तर कुन्तर बुझ्ने मन छ
लाभाहरुको उत्पति र उद्‌भवलाई जान्न मन छ
पृथ्वीको कोरलाई
नजिकैबाट छुन मन छ
रातो तातो सघन डल्लोलाई
ओर्काइ फर्काइ हेर्न मन छ
त्यो भित्रको अन्तर्यमा
बीजतत्व खोज्न मन छ
छिर्दै छिर्दै बीजत्वभित्र
श्रृष्टिको महाउद्दश्येलाई
छर्ल□जान्न मन छ

गुरुत्वको उद्गाम केन्द्र
प्रष्टसँग चिन्ने मन छ
उर्जाको गतिशिलता
गतिको वरियता, स्तरियताको
अन्तरबोध सम्म पुग्न मन छ
रंग सप्त र सप्त तरंगका
झंकार सँग सगै झुम्न मन छ
र जीवन जगतको
प्रारूप र उद्विकासलाई
सा□ो पा□ बुझ्न मन छ
कोरको पनि भित्री कोरको
साख्खै बाबु आमा चिन्न मन छ
उनको जात वंश र देश
सबै कुरा सोध्न मन छ ।।
र म फर्कदा
मेण्टलबाट तात्तातो
औसत लाभा दुवै हातमा
बोकेर ल्याउन मन छ
एक एक गरी सबैलाई
भूगर्भ भित्रको उपहार
स-गौरब बाँड्न मन छ
अनि आज सम्मका
अनुत्तरित प्रश्नहरूका उत्तरहरु
रहस्यका खातहरू
विज्ञानका नयाँ ज्ञानहरू
सबैका सामु राख्न मन छ ।।

# त्यो साँझ

हँसिलो अनुहार
छरितो पदचाप
बा झुलुक्क झुल्किए
घर माथिको गौँडामा ।

गह्रौं झोला काँधमा बोकेर
बा आउँदै थिए
बा आए !बा आए !
हामी चिच्यायौं खुशीले ।

आमा हतारिदै बाहिर आईन्
बा आमा दुवै मुस्कुराए
पुलुक्क हेरे हामीलाई दुवैले
वात्सल्य छचल्किएका नयनहरूले ।

बाले झोला दिए आमालाई
हाम्रो आशाको केन्द्र आँखाको निशानी
हामी झुम्मियौं आमाको वरीपरी
घेरावन्दी गऱ्यौं त्यो झोलालाई ।

हाम्रो उत्सुकतालाई खोलिदिइन आमाले
झोला भित्र
दाल चामल नुन तेल
चार पाकेट रारा चाउचाउ
र चार पाकेट आरारोट बिस्कुट ।

खुशीको पारो ह्वातै बढ्यो
चिच्याहट छोड्यौं आकाशतिर
जहाँ सम्म पुगे पुगोस्

बाल मतलब भएन हामीलाई
आमाले उर्जा भरिदिएकी थिइन्
बिस्कुट जो हातहातमा थमाइदिएकी थिइन ।

बाले कमेजको गोजीबाट
एउटा लामो नोट निकाले
आमाले झट्ट खोसिन् तर मायालु पाराले
र त्यसलाई आफ्नो चोलीको गोजीमा घुसारिन्
बा मुसुक्क हाँसिरहे ।

आमाले ठूलै ताउलीमा
दाल पकाइन भात पकाइन्
बारीको साग टिपेर तिहुन पनि
बन्दोवस्तीको ब्यञ्जन
थपी थपी खायौं हामी
हात चाटी चाटी थाल चाटी चाटी
खुब स्वादले खायौं
रमाई रमाई खायौं
कुनै बिषेश पर्व जस्तै गरेर खायौं ।

सुत्ने बेलामा
बा भन्दै थिए आमलाई
भोली चुनाव हो
सबेरै उठेर जानु पर्छ भोट हाल्न
भोट कस्लाई दिने ? आमाले सोधिन्
मुखियाका ज्वाँईलाई
म आँखा देख्दिन भन्नु
तेरो भोट उनकै मान्छेले हालिदिन्छन्
किन ? आमाको प्रश्न थियो
अघिल्लो पटक धोका भयो रे
पैसा खाएर भोट दिएनन् रे ।

## उत्सवमय जीवन

म खोज्दैछु
गृहस्थ भित्र सन्यास
र म खोज्दै छु
सन्यास भित्र उत्सवमय जीवन
अनि म खोज्दै छु
यी दुवै भित्रको समन्वयात्मक आधार
जहाँ शान्ति समृद्धि साथै
पूर्णानन्दको आभाष होस्
प्रेम मै आहाल बस्न पुगोस्
प्रेमकै सागरमा डुब्न पुगोस्
आकाशै आकाश सर्वत्र होस्
सर्वत्र प्रकाशै प्रकाश होस्
अनन्तमा बिचरण गर्न पुगीयोस्
अनन्तमै अवतरण गर्नसकियोस् ।

# मूर्ति

श्रृष्टिको कालचक्रमा
कुन अवस्थितिमा
कुन तत्व हो ऊ
उसलाई के थाहा ?
कुँदेर शिल्पकारले
के बन्यो ऊ ?
के थाहा उसलाई
ऊसिर्फ मूर्ति हो
आँखाबाट हेरिरहन्छ
मुहारबाट हाँसिरहन्छ
बाँकी उसलाई के थाहा
किन कि ऊ मूर्ति हो
सिर्फ मूर्ति
र त तिम्रो पुजा स्वीकार गर्छ
र त तिमी पुजा गर्छौ ।

कस्को याचना सुन्नु पर्ने
क-कसलाई वरदान दिने
तथास्तु भन्ने
के थाहा उसलाई ?
ऊ त केवल मूर्ति हो
एउटा गतिलो शिल्पकारिता
सुन्दर शालिन आकृति
ठ्याक्क मान्छे जस्तै
अझ राम्रो बान्की परेको
तर ऊ
केवल मूर्ति हो सिर्फ मूर्ति
र त तिम्रो पुजा स्वीकार गर्छ
र त तिमी पुजा गर्छौ ।

# बिराट जादु

हूँ..... फुक्यो जादुगरले
आविर्भाव भो विभु गुव्वारा
भयंकर ठूलो असाध्यै व्यापक
ब्रह्माण्ड जत्रो गुव्वारा
ब्रह्माण्ड जस्तो गुव्वारा
ठूलो धमाका
महा बिस्फोट
बिग ब्याङ त्यहि गुव्वाराभित्र
महा विस्फोट बाट
जन्मिए अनन्त गुव्वाराहरू
बग्रेल्ती निस्किए
यद्यपि निस्किरहेछन्
धारा प्रवाह निरन्तर
समय पनि प्रवाहित छ
विस्फोटको छाँया बनेर
विराट गुव्वाराहरू तारा जस्तै तारा जत्रै
लधु गुव्वाराहरू थुप्रै थुप्रै भुरु□घुमे जस्तै
निहारिका जस्तै गुव्वारा
हेर्दा हेर्दै एउटा गुव्वारा
तेजिलो भो सूर्य जस्तै
ओकल्यो ठूला-ठूला आगोका लप्का, ज्वाला
र
आगोको ज्वालाहरू
थुप्रै गुव्वारामा रुपान्तरीत भए
सूर्यलाई फन्को मार्दै
वरीपरी घुम्न  थाले परीभ्रमण गर्न थाले
समयको गन्ती गर्दै
आफ्नै अक्ष र कक्षमा नाच्न थाले ।

सौर्य मण्डलवाला गुव्वाराको
तेस्रो कक्षको एउटा गुव्वारा
हेर्दा हेर्दै सेलाएर पृथ्वी बन्यो
पृथ्वी वाला गुव्वारालाई
झ्याप्प झुप्प ढाक्यो
वायुमण्डलले, कुहिरोले वादलले
पृथ्वी वाला गुव्वारामा
प्याट्ट निस्कियो अर्को गुव्वारा
प्रकृतिवाला अद्भूत गुव्वारा
रहस्यमाथि
स्थावर जंगमवाला
अनि जीवन चक्र र
इको सिस्टम
जदुगरले फेरी हूँ फूक्यो
प्रकृतिवाला गुव्वारामा
अवतरित भयो मान्छे
मान्छेवाला गुव्वाराभित्र
पट्ट निस्कियो
उत्कृष्ट चैतन्यवाला सुन्दर गुव्वारा
त्यही सुन्दर गुव्वारा भित्र
मन बुद्धि विवेक पलायो
प्रिती फूल्यो माया फूल्यो
प्रफुल्लित भयो उत्फुल्लबन्यो
खुशी भयो
आनन्दित भयो मान्छे वाला गुव्वारा
फेरी के जादु गऱ्यो जादुगरले
के टुना गऱ्यो कुन्नि
चैतन्यवाला गुव्वाराभित्र
अहंकार वाला गुव्वाराको
आविर्भाव हुन गयो मान्छे भित्र

अब मान्छेवाला गुव्वारा भित्र
प्रिती हैन मोह पलायो
मोह भित्र लोभ
लोभ भित्र पाप
पापभित्र हत्या हिंसा
अहंको आकार बढ्यो
अभिमान बढ्यो
स्वार्थ पलायो
कित्ता पलायो
स्पर्धा पलायो
रसीमा पलायो
त्यसैले आजकल
मान्छेवाला गुव्वारा
चैन हीन, कान्तिहीन छ,
तनावग्रस्त छ, अशान्त छ,
र भड्काउमा छ
फेरि पनि एउटा प्रश्न
ज्यूँकोत्यूँ छ
यो विराट जादुको
जादुगर को हो ?

# सत्प्रेम

न शीत अति न उष्ण घाम
न विद्वेष कतै न छलछाम
त्यागको फल समर्पणको फूल
सुखको जननी शान्तिको मूल ।
कञ्चन सरिता अविरल कलकल
प्रेम भानु प्रकाश सरी झलमल
यो मूल संगित सास्वत झंकार
प्रेम रंग रंजित सुन्दर संसार ।।

आमोद प्रमोद आह्लाद प्रह्लाद
परीपूर्ण मानुष प्रेमिल प्रसाद
उत्सवमय जीवन भव प्रेममय
अनमोल रस यो अमृत पेय ।।

न देहाभिमानि सौन्दर्य हो प्रेम
न उन्मादयुक्त यौवन हो प्रेम
न अनुरक्ति न हो माया मोह
न अनुराग नै हो न प्राप्तिको चाह ।।

यो आत्माको विशुद्ध उपज पो हो
आत्माकै चोखो आलिंगन हो यो
सेवा परोपकार निःशर्त देन हो यो
सत्धर्म र सत्कर्म नै सत्प्रेम हो ।

# निद खुलिसकेको छ

उज्यालो भैसकेको छ
तिमी जागिसकेका छौ
निँद खुलिसकेको छ
तिमी सुत्नु हुँदैन अब ।

तिमी अन्यौलतामा फस्यौ भने
किकंर्तव्यबिमुख भयौ भने
फेरी निस्पट्ट रात आउने छ
अझ कहाली लाग्दो अँध्यारो छाउने छ

समय धेरै लाग्न सक्छ
फेरी उज्यालो हुनलाई
वर्षे,वर्ष लाग्न सक्छ
निँदबाट फेरी जाग्नलाई
त्यति बेला सम्म यहाँ
सबै भत्किन सक्छ
सबै बिग्रिन सक्छ
तिम्रो केहि नरहन सक्छ
तिमी को भन्ने प्रश्न उठ्न सक्छ
तिम्रो गला अवरुद्ध हुन सक्छ
तिम्रो दृश्य हराउन सक्छ
शब्दहरु अपहरित हुन सक्छन्
भाषा हराउन सक्छ
तिम्रो जमिन तिम्रो नहुन सक्छ
त्यसैले
तिमी अब नसुत फेरि
तिमी किञ्चित सत्नु हुँदैन
तिमी सुत्यौ भने
देश निदायो भने

तिमी सँगै सुतेको देशलाई
कोपर्नेछन्  पिचासहरूले
देश घाइते हुनेछ
चुस्नेछन् भोका प्यासाहरूले
देश खोक्रो हुनेछ
लुट्ने छन् स्यालहरूले
गिद्धहरूले
कंकाल हुनेछ देश
नांगो र रित्तो हुने छ देश
धुजा धुजा हुने छ राष्ट्र
त्यसैले ए! पहरेदारहरू हो
छातीमा देशभक्ति हुनेहरू हो
मनमा देश प्रेम हुनेहरू हो
शिरमाथि स्वाभिमान हुनेहरू हो
ए !नेपाल आमाका सच्चा सन्तानहरूहो
ए !मुटुमा देश धड्किनेहरू हो
अबिराम जागा बस
तिमी सुत्नु हुँदैन अब ।।

# रातो आगो

शहर पसेको रातो आगो
रातो ज्वाला
रातो लप्का
रातो मशाल
शहर छिरे लगत्तै
आफैंमा चोइटियो रे
आफैंमा टुक्रियो रे
रातका मुस्यौला जस्तै
टुक्रा टुक्रा भयो रे
फेरि टुक्रा फेरि टुक्रा
पुन : टुक्रा
निरन्तर छ रे
टुक्रिने क्रम
केहि आहालमा डुबेर
मस्ती मस्तीमा
केहि दलदलमा फसेर
हिलो छ्यापा छ्याप
केहि दिशाहीन बनेर
सत्तो सराप
केहि बाँकी ठूटो मशाल
गाऊँतिर उद्गमतिर
रातो आगोको बिऊ माग्न
फर्किदैछ रातो आगोको सानो झिल्को
रातो आगोलाई
खाँदै चपाउदै र
पचाउँदै छ रे
शहर आजकल
त्यसैले होला रातोको ठूलो हिस्सा
सूर्य सँग अंकमाल गर्दै छ रे
रात नपर्दै सूर्य सगैं समाहित हुदै छ रे ।

# खोज्दै जाँदा

खोज्दै जाँदा मेरै पाइलाहरू
अधिकांश पाइलाहरू जिन्दगीका युवा पाइला जिन्दगीका
विदेशी भूमिमा
अद्यपि भेटिन सक्छन्
हिम मानवका पदचाप जस्तै
डाइनोसरका पदछाप जस्तै थुप्रै थुप्रै
खोज्दै जाँदा पसिनाहरू
तन्नेरी पसीनाहरू जिन्दगीका
अरबको बालुवामा
समुन्द्रको नुनसँग संघुलित भेटिन सक्छन्
अरबी आकाशमा उड्ने
वादलहरूमा अद्यपि भेटिन सक्छन्
वास्पिभूत जलकण सँगै

खोज्दै जाँदा
अमूल्य समय उर्जा र तागत
अरबको प्रचण्ड उखरमाउलो
गर्मीमा त्यो मरुभूमिमा लामो घाँटी तान्दै
मेरै स्याहार पर्खि रहेको
बिद्रुप उँटको रक्त रक्तमा
अद्यपि बगिरहेको होला शरीरभरी

अरबका चिल्ला सडकहरू त्यहाँका
आलिशान गगनचुम्बी घरहरू
उद्योग धन्दा कलकारखानाहरू
समृद्धितिर लम्कि रहेको त्यो शहरको
विकासमा चम्किरहेको मरुभूमिको
नौ नाडीमा दौडिरहेको डि.एन.ए मा
अद्यपि भेटिन सक्छन्

मेरो उर्जा श्रम र सीप
र त्यो देश निर्माणको कालखण्डमा
जोडिएको मेरो महत्वपूर्ण समय जिन्दगीको
अद्यपि भेटिन सक्छ ।।
अहिले म आफैंलाई

खोज्दै जाँदा
जीर्ण ख्याउटे र अशक्त शरीर
शरीर भित्र विरक्त मन
र मन भित्र थुप्रै कथा ब्यथामा
अझै पनि भेट्न सकिन्छ
झिनो आशा र
अझै पनि बाँच्ने रहरको त्यान्द्रो भित्र
आफ्नै अभिसप्ततामा
तर पनि भाग्य रहेछ
जो आफ्नै देशमा
फर्किन सकेँ
आफ्नै माटोमा मर्न पाएँ
नत्र
मेरा जीवनका
श्वासहरूलाई खोज्दै जाँदा
अधिकांश श्वासहरू मात्र हैन
अन्तिम श्वास पनि
त्यहि विदेशी धर्ती र आकाशमा
अद्यपि भेटिन सक्थे
मेरा थुप्रै सहयात्रीहरू सँगै
तथापि

# हे युवा

हे !युवा तिमी देशका भरोसा
ज्यूँदा जाग्दा जनताका आशा
उषाका स्वर्णिम किरण बनेर आऊ
आऊ युवा आऊ यो देश बचाऊ ।।

वनमाराले हेर वनै सिध्यायो
देशमाराले हेर देशै रित्यायो
देश बर्वाद गरे हुतिहाराहरूले
तहस नहस पारे मतिहाराहरूले
हे युवा आँधि बनेर आऊ
यी देश घातीलाई तह लगाऊ ।।

अन्धकारमा देशलाई फसाए
घरकालाई रुवाई छिमेक हँसाए
लुट मच्चाए अर्थतन्त्र डुबाए
आफैंले खाए आफैं अघाए
हे युवा अबेर नगरी आऊ
यी भ्रष्टाचारीलाई तह लगाऊ ।।

शान्ति सुसाशन गर स्थापित
वेरोजगारी गरी विस्थापित
अमनचैनको देऊ प्रत्याभूति
देऊ समृद्धिको मीठो अनुभूति
गाऊँ शहर विकासको मूल फुटाउ
श्रमशक्ति स्वदेशमै जुटाऊ
उन्नत नविन प्रविधि ल्याऊ
उपयोग र प्रयोगमा सुविधि ल्याऊ ।।

ए ! युवा आऊ देश यो बचाऊ
संसारमै सुन्दर नेपाल बनाऊ
यो स्वाभिमानलाई उच्चो बनाऊ
संसारमा नेपालीको नेपाल चिनाऊ ।।

थाक्दै नथाक्ने नेपाली वीर
झुक्दै नझुक्ने नेपाली शिर
बीरताको गाथा यो विरासतलाई
पूर्खाको अनमोल अमानतलाई
देशभक्तिको भेल उर्लेर आऊ
तराई पहाड हिमाल जुटेर आऊ
बचाऊ इतिहास देशलाई बचाऊ
छातीभरी देश प्रेम बोकेर आऊ ।।

देश बनाउने दायित्व तिमी उठाऊ
युवाशक्ति साहस र विवेक जुटाऊ
होश र जोश बोकेर आऊ
ईमान र निष्ठामा बाँधिएर आऊ
आऊ हे युवा तिमी छिट्टै आऊ
पाखुरीमा पौरख भरपूर आऊ
सिर्जनामा कौशलता सुन्दर आऊ
आऊ युवा आफ्नो देश बनाऊ
यो देश अब तिमी नै चलाऊ
यी देश घाति जति तह लगाऊ ।।

# आधा आकाश आधा धर्ती

कुन आधा आकाशका कुरा गर्दैछौ
आकाशै कित्ता कित्तामा चिरिएको बेला
कुन आधा धर्ती  ओगटेको भन्दैछौ मैया !
धर्ती वित्ता वित्तामा टुक्रिएको बेला ।।
चिरा चिरामा छुट्टिएको बेला
कुन वादका वकालत गर्दैछौ अझै
वादहरू स्वयं विखण्डनमा परेको बेला
कुन आस्था र विश्वासका कुरा गर्दैछौ ?
घात परिघातको खेलमा देश डुबेको बेला
नैतिकता खडेरिमा परेको बेला ।।

सहजै आधा अधिकार होला र प्राप्य ?
पुरुषप्रधान चिन्तनले गाँजेकै बेला
होला र नारीको अगुवाई पाच्य ?
खिचातानी र दाउपेच चलेको बेला
आफैँमा भागबन्डा नमिलेको बेला ।।

बरु जे प्राप्त छ नारीलाई निगाहबाट
त्यसैमा आंशिक सन्तुष्टि लेऊ मैया
उप-सह-जे जस्ता पदालंकार पाउँछौ
सौभाग्य ठानेर गर्व गर मैया
सु-अवसर संझेर स्वीकार मैया ।।

यदि हैन भन्छौ भने आधा आकाश रंगाई उठ
आधा धर्ती जोडेर हेर मैया
एकपटक पक्कै प्रयत्न गर मैया
लडेर चुनाव जिति हेर मैया
आधा जनमतको विराट ल्याकत देखाइदेऊ
आधा धर्ती र आकाशको ताकत देखाईदेऊ
के यो सम्भव छ ??

# हिरो सच्चा नायक

तिम्रो कथाको
नायक तिमी नै हौ, हिरो तिमी नै हौ
तर तिम्रै परिवारको कथामा
साच्चै नायक साच्चै हिरो
बन्न सक्यौ ?मुख्य प्रश्न हो यो दर्शकदीर्घाबाट,
अनि तिम्रै टोल छिमेकमा
साच्चै नायक बन्यौ ?
साच्चै हिरो बन्यौ ? अहं सवाल हो यो दर्शकदीर्घाबाट
महा भोकमरीले छट्पटिँदा
महामारीले आक्रान्त हुँदा
विकट ती दुर्गम वस्तीहरूका
सन्तप्त कथाहरूमा
नायक बनेर उदायौ कि नाई?
अभिनेता बनेर आयौ कि नाई ?
सिधा प्रश्न हो यो दर्शकदीर्घाबाट ।।
दिल्ली सँग कालापानी लिपुलेक बोल्यौ
सीमा अतिक्रमणका कुरा राख्यौ
असमान सन्धि सम्झौताहरू
पुनरावलोकन आवश्यक मान्यौ कि नाई ?
ठाडो प्रश्न हो तिमीलाई दर्शकदीर्घाबाट ।।

भुइँचालोले पहाड हल्लाउँदा
बाढीले तराई डुबाउँदा
आहत आहत मनहरूमा
क्षत विक्षत वस्तीहरूमा
पीडा रोदन र चित्कारहरूमा
मल्हम पट्टी बन्यौ ?
तिमी साच्चै हिरो बन्यौ ?
पिडितहरूलाई ढाडस दियौ ?
प्रधान प्रश्न हो यो दर्शक दिर्घाबाट ।।

# साहित्य

प्राक्कालिक होस या आधुनिक या पूर्वीय पाश्चात्य
मानस माथिंगलको उपज सुन्दर सिर्जना हो साहित्य
वेदर्षिका ऋचा या वाणी सन्तका या बुद्धका दर्शन
या गितासार कालजयी गाथा यी हर युगका दर्पण
गीत, गजल, कबिता, कथाका सून्दर आरण्यानहरु
लोक संस्कृतिका बिशद व्यख्यानहरु पहिचान हुन्
महाभारत, उपनिषद,रामायणका आख्यानहरू
सुधारस हुन यी लोकहितका विशद व्याख्यानहरू
मर्मबाट प्रस्फूटित काव्य यो गर्भबाट सन्तानसरी
जन्मिछन् तर मर्दैनन् कहिल्यै हुन्छन् यी अजम्बरी
सरी सरीता वांगमयधारा यी प्रवाहित निरन्तर
अविरल अविराम सतत बग्छन यी युग युगान्तर
भावनामा फुर्ने साधनामा जुर्ने साहित्य यो सिद्धि हो
विभु लव्धाकीर्ति हो जीवनको उत्ताल प्रसिद्धि यो
मणि रत्न जडित स्वर्णिम यो आभुषण हो साहित्य
रातमा उज्जर चन्द्र ज्योति दिवामा तेजस आदित्य
अनुभूतिजन्य विचार यो छ महत्तम शक्तिशाली
प्रकाश झैं अति गतिवान विद्युत सरी बलशाली
न कान्ति झरेर जाने कहिले न रंग रोगान खुइलिने
न सुवाष उडेर सकिने न त महक नै ओइलिने
जलमा थलमा नभमा भवमा पुग्छ यो सरासर
रमण गर्छ यत्र तत्र सर्वत्र जगतमा चराचर
नारी पुरुष जो आस्वादन गर्दछ भरपुर रमाउँदछ
राजा रंक युवा वृद्ध जो चाहयो यो रस पाउँदछ
देश काल परिवेश माथि उदात्त वकपत्र यो
आलोचना समालोचना खोल्ने उत्तम सत्पात्र हो ।
विरह वियोगका, प्रेमालाप प्रीतिका, दु:खीका क्रन्दनहरू
उनिन्छन् काव्यमालामा सहस्र मुटुका स्पन्दनहरू

# धर्म फलेन

हरेक दिन जस्तो
कैयौं किशोरीरू
जबर्जस्ती करणीमा पर्छन्
रमारिन्छन्
दाजु भाईबाट आफन्तबाट
अझ आफ्नै सहोदर बाबुबाट
अनि के धर्म रोपिएकै हो त ?

प्रत्येक दिन
कैयौं किशोरीहरू
झुठो प्रेमजालमा फस्छन्
र सजिलै बलात्कृत हुन्छन्
लुटिइन्छन् लुछिइन्छन्
सांघातिक पाशविक बर्बरताको
सिकार बन्छन् होटलहरूमा
आफ्नै प्रेमी भनाउँदाहरूबाट
अनि के धर्म रोपिएकै हो त ?

मकै बारीमा काम गर्दै गर्दा
सामूहिक बलात्कारमा पर्छन्
आमाहरू वयस्कहरू
अनि घाँटी च्यापेर
मारिन्छन् फ्यालिन्छन्
७० बर्षे बुढी बज्यै पनि
सुरक्षित रहन्नन् यहाँ
के धर्म रोपिएकै हो त ?

प्रत्येक दिनका अखबारहरूमा
यौन हिंसा बलात्कार अनि हत्याका
दर्दनाक र शर्मनाक
खबरहरू छापिएका हुन्छन्
उदेक लाग्छ
आश्चर्य लाग्छ
धर्मको बोटमा पाप फल्नु ?
प्रकृतिको नियमको खिलाफ छ यो
हिसाबको नियम विपरीत छ यो
धार्मिक विविधताको यो देशमा
धर्मै धर्म फुल्ने फुलबारीमा
पापहरु फुल्ने गर्दा
सोध्न , सोच्न बाध्य बनोस्
के वास्तविक धर्म रोपिएकै छ त ?

# म एउटा किताब

एउटा विशाल पुस्तकालयको
सुन्दर र दुर्गम कुनामा
थन्किएको म एउटा किताब
एउटा विराट पुस्तकालयको
असरल्ल र छरपष्ट थुप्रोमा
च्यापिएको खुम्चिएको म एउटा किताब
धूँवाले रंगिएको
ध्वाँसोले पोतिएको
गाता च्यातिएको
जीर्ण विशिर्ण
सदियौं पुरानो वस्तीको भग्नावेश जस्तो
कुनै गढीको खण्डहर जस्तो
म एउटा किताब
थोत्रो परेको
झुम्रो लागेको
कच्याक्कुचुक्क परेको
छेउ टुप्पो घुम्रिएको म एउटा किताब
ध्वाँसे रंगका मलीन अक्षरहरू
मक्किएको कागज
नागकिराका डोवहरू
धमिराको वास
तै पनि पाठकहरूको प्रतिक्षामा
अभ्यस्त म एउटा किताब
कसैले पढेन मलाई
कसैले पढ्दैन मलाई
हेर्दै त हेर्दैन कसैले
देख्दै त देख्दैन कसैले
एउटा विराट पुस्तकालयको
विकट काप्चामा

उपेक्षित
अपहेलित
तिरस्कृत म एउटा किताब
यद्यपि
२१ औँ शताब्दीको किताब
बिल्कुल नूतन
र सापेक्षित किताब हुन सक्छु
नवीन साहित्य पनि त हुन सक्छु
कथा निबन्ध उपन्यास
गित गजल नियात्रा
काव्य महाकाव्य
ग्रन्थ दर्शन
नव ज्ञान विज्ञान जे पनि त हुन सक्छु
तर कसैले पढ्दैन मलाई
थुप्रै र अन्य किताब जस्तै
बहिस्कृत छु
र अपठित छु ।

# लघु कथा - तिमी, म र हामी

तिमी, म र हामी
सिंगो कथाका टुक्रा कथा
महत्तम कथाका लघुत्तम कथा
पूर्ण कथाको  अंश कथा, खण्ड कथा ।
महासागरको कथासँग जाडिएको
पानीको बूँद कथा, थोपा कथा
अझ सूक्ष्मातिसूक्ष्म अणुको कथा
जद्दण परमाणुहरूको कथा
समयको कथासँग जोडिएको
युग,कल्प,वर्ष र याम
ऋतु, दिन र घण्टा भित्र
मिनेटको कथा, सेकेण्डको कथा
अझ सूक्ष्मतम निमेषको कथा
माइक्रो सेकेण्डको कथा
समग्रमा तिमी, म र हामी
अत्यन्तै सूक्ष्म कथा
क्षणिक कथा रूप कथा
त्यसैले होला
हामी हाम्रो विराट कथालाई
हाम्रो पूर्ण कथालाई
हाम्रो सार कथालाई
र मूल कथालाई कहिल्यै जान्दैनौं
अन्तर मनमा जाग्ने उत्कण्ठा पनि राख्दैनौं
न अर्णवका लय बुझ्दछौं
न पर्णवका स्वर सुन्दछौं
तिमी, म र हामी मात्र झिनो कथा
त्यान्द्रो कथा
रोम कथा

ईश्वरको कथासँग जोडिएको
देवताको कथासँग गाँसिएको
जीवन र जगतको विभु कथाभित्रको
चेतनाको कथा
मान्छे भित्रको मनको कथा
तिमी, म र हामी
कहिल्यै बुझ्दैनौं
बुझ्ने तितिक्षा पनि राख्दैनौँ
तिमी, म र हामी
छोटो कथा, खण्ड कथा र लघु कथा ।

## सपनाको विरुद्धमा

हर रात जब म निदाउँछु
ऐँठन बनेर आउँछ सपना
पीडा बनेर आउँछ
व्याधा बनेर आउँछ
निर्दयी बनेर आउँछ
निष्ठुर र निर्मम
नृशंस र क्रूर राक्षस भएर आउँछ
मलाई मेरै सपना
कहिले आएर
सिउँदोको सिन्दुर पखालिदिन्छ
फुटाइदिन्छ हातका चुराहरू
चुडालिदिन्छन् गलाका पोतेहरू
मेरा ऐयातका गहनाहरू
सौभाग्यका आभुषणहरू
नाक कान बुच्चा पारिन्छ
अनि एकसरो सेतो कपडाले बेरिन्छु म
र अलगिन्छु कपालका ज्याङ्टा(लट्टा) छोडेर
मेरो कुरूपताको उपहास गर्दै
अट्टहास छोड्छ
र अर्को कुनामा  बसेर ऊ
गरुड बन्छ र कथा सुनाउँछ
बर्बर सती प्रथाका व्याख्या
चन्द्रगुप्तको रजगज
यमपुरीको वयान
यमराजको न्याय नर्क र कठघरा
वैतरणी नदिको वर्णन
रजस्वला र पापी नारी
भाका मिलाई मिलाई वाचन गर्छ
मलाई निरीह तुल्याउँछ

भयभित बनाउँछ
अनि विधवाको पहिचानमा
राँडीको पदवी भिराएर जान्छ
मलाईमेरैसपना
कहिले आउँछ प्रेमी बनेर
रातो गुलाफको फूल बोकेर
भेलेन्टानको ढाँचामा
गुलाब थमाउँदै भन्छ आई लभ यु
अभिष्ठ पुरा गर्छ
र जान्छ ऊ भ्रमर बनेर
च्यातिन्छु म लुटिन्छु म
उपयोग गरेर जान्छ
अनि चरित्र हीनताको
कलंक लगाएर जान्छ
मलाई मेरै सपना

कहिले
चिर परिचित बनेर आउँछ
नातेदार बनेर आउँछ
ललाई फकाई पार्छ
उसको प्रलोभनको जालमा
सजिलै जेलिन्छु म
अनि महत आशामा
विदेशिन्छु र बेचिन्छु म
यौन धन्दामा फस्छु
यौवन लुटाएर बस्छु
र रस निचोरिएको उखु जस्तै
फ्यालिन्छु म सडकहरूमा
वेश्याको पगारी गुथाएर
रण्डीको परिचय दिएर जान्छ ऊ
मलाई मेरै सपना

कहिले
जान्ने मान्ने गुणि ज्ञानी
धामी झाँक्री बनेर आउँछ
लाठी डण्डा बोकेर आउँछ
अनि सांघातिक हमला गर्छ
कुटपिट गर्छ
अपशब्दहरू बोल्छ
लछारिन्छु म, पछारिन्छु म
बोक्सीको आरोपमा
प्रताडित बन्छु म
बोक्सीको कलंक भिराएर
मानसिक विक्षिप्तता दिएर जान्छ
मलाई मेरै सपना ।

कहिले
दुल्हा बनेर आउँछ तामझामले
डोली अन्माएर लान्छ उसको घर
ऊ मेरो शिरको मान
ऊ मेरो मालिक
म उसको दाशी
बाह्रमासे जुवाडे ऊ
रक्सि धोकेर आउँछ
भकुर्छ मलाई
गल्हत्याउँछ, जिगिल्ट्याउँछ
मेरो सहनशिलतालाई लात मार्दै
थमाइदिन्छ सहजै हातमा
एउटा डिभोर्स पेपर,सम्बन्ध विच्छेद पत्र
र तीन थान छोरा छोरी

कहिले
आफ्नै गोदको आफ्नै सन्तान
आँखा नानी मुटुको टुक्रा
बुढौतिको सहारा
घुमाउन लान्छु भनेर
टाढा लिएर जान्छ एउटा वृद्धाश्रमको नजिकै
तिमी बस्दै गर है आमा म एकै छिनमा आउछु ल!
भनेर जान्छ तर कहिले आउँदैन फर्केर
बेवारिस छोडेर जान्छ
लावारिस छोडेर जान्छ
मलाई मेरै सपना
अब निदाउन हुन्न म
भन्ने लागेको छ मलाई
सुत्नु हुन्न भन्ने लागेको छ मलाई
म ब्यूँझनै पर्छ
म जाग्नै पर्छ
यी क्रूर र आततायी
सपनाहरूको विरुद्धमा
उठ्नै पर्छ जुट्नै पर्छ भन्ने लागेको छ मलाई ।

# को होला त्यो

निस्पट्ट अन्धकार
चकमन्न रातमा
एकोहोरो संवाद गर्दै हिँड्ने
को होला त्यो ?
को सँग बोल्छ त्यो ?
आकाशका तारासँग ?
हँसियाकारको जुनसँग ?
या रातओढेर सुतेको धर्ती सँग ?
या भूत प्रतीत हुने काला बुटाहरूसँग
को सँग गफिन्छ ऊ प्रत्यक अँधेरी रातहरूमा ।।
ओ हो उसले त
मेरै दिनचर्या पो बोल्यो
मेरै गरीबीका कुरा खोल्यो
मेरै विरह गुन्गुनायो उसले
मेरै पीडा र व्यथा बोल्यो
मेरै विम्ब प्रतिविम्ब उतार्‍यो
हुबहु मेरै कथा सुनायो
को होला त्यो ?

किन कोट्याउँछ मेरा घाउ
किन गाउँछ मेरो गीत
किन ओकल्छ विप्लवका भाषा
किन गर्दैछ भण्डाफोर सत्ताको ।
किन जगाउँदै छ ऊ
सुतेकाहरूलाई निदाइ रहेकाहरूलाई
सुनौलो विहानीका कुरा गर्छ
नयाँ युगको सपना

समानताको कुरा अधिकारका कुरा
मुक्ति अनि स्वतन्त्रताको कुरा गर्छ ।।
सुतेकालाई पो
ब्यूँझाउन सकिएला
तर सुतेको बहाना गर्नेलाई
ब्यूँझाउन सकिन्छ र ?
नबुझेकालाई पो बुझाउन सकिएला
तर बुझ पचाएकालाई सकिन्छ र ?
त्यति नबुझेको को होला त्यो ?
एकहोरो बोलिरहने
गुनगुनाइरहने अँधेरी रातमा
प्रत्येक कालो रातहरूमा
यै वस्तिको पहरेदार त्यो
को होला त्यो ।।
यो देशको चिन्ता गर्ने
साच्चै को होला त्यो ?